# लुङ्ग्री गाउँपालिकाको

# पाँच वर्षे गाउँ शिक्षा योजना

## आ.व.२०८१/८२-२०८५/८६

*(गाउँकार्यपालिकाबाट मिति २०८१/०७/११ गते स्वीकृत)*




लुङ्ग्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## वडाचौर, रोल्पा लुम्बिनी प्रदेश

## नेपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

**प्रकाशन समिति**

**प्रमुख संरक्षक : अध्यक्ष श्री भरत कुमार थापा**

**संरक्षक : उपाध्यक्ष श्री दिल कुमारी गुरुङ**

**योजना निर्माण कार्यदल**

श्री भरत कुमार थापा (गा.पा.अध्यक्ष/ संयोजक )
श्री वीरवल खड्का क्षेत्री (सामाजिक विकास समिति संयोजक/सदस्य )
श्री मिना पुन (शिक्षा समिति सदस्य/ सदस्य )
श्री नरेन्द्र खड्का (वि.व्य.स. अध्क्षय/ सदस्य )
श्री डोर बहादुर रोका (शिक्षक/सदस्य )
श्री लाल बहादुर बुथाथोकी (प्र.अ./ सदस्य )
श्री उमेश पुन (प्र.अ./ सदस्य )
श्री आदर्श के.सी. ( योजना शाखा प्रमुख/ सदस्य )
श्री भेष बहादुर बिष्ट ( शिक्षा शाखा प्रमुख/सदस्य सचिव)

**प्राविधिक/आर्थिक सहयोग** :श्री ऋषिकेश डाँगी ( KSSC NEPAL) यूनिसेफ/यूरोपियन यूनियन
:श्री विश्वराज लामिछाने ( USAID/ EGL)

**सम्पादक मण्डल:** श्री चक्र बहादुर घर्ती ( प्रमुख प्रशासकीय अधिकृत)
श्री सुन्दर बहादुर घर्ती (रोजगार संयोजक)
श्री निमराज सुवेदी (लेखापाल)
श्री आदर्श केसी (कम्प्युटर अपरेटर)
श्री डोर बहादुर बिष्ट (नेपाली भाषा शिक्षक)
श्री भेष बहादुर बिष्ट (शिक्षा शाखा प्रमुख)

**प्रकाशन मिति** : वि.स. २०८१

**प्रकाशक** लुङ्ग्री गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
वडाचौर,रोल्पा

**सर्वाधिकार** : प्रकाशकमा निहित

**२०८१ साल कार्तिक ११ गतेको गाउँकार्यपालिकाबाट स्वीकृत**

**प्रकाशन प्रति** : १०० प्रति

**मुद्रण:** :

**फोन नं.** : ९८५७८२४५६६, ९८५७८७१३१२

**Website** : www.lungrimun.gov.np

**E-mail** : lungrimun@gmail.com

लुङ्ग्री गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

वडाचौर, रोल्पा

लुम्बिनी प्रदेश नेपाल



## दुई शब्द

शिक्षा मानव सभ्यताको मेरुदण्ड हो । शिक्षा व्यक्तिको सर्वाङ्गीण पक्षको विकास गराउने प्रक्रिया हो । वर्तमान परिप्रेक्ष्यमा शिक्षा हरेक व्यक्तिको अधिकारको विषय पनि हो । नेपालको संविधानले नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम संङ्ख्या (८) अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा समावेश गरेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहका २३ वटा काम, कर्तव्य र अधिकार उल्लेख गरेको सन्दर्भमा यस लुङ्ग्री गाउँपालिकाले पनि संविधान तथा कानुन प्रदत्तअधिकारको प्रयोग गर्दै " पूर्वाधार ,कृषि पर्यटन : समृद्ध लुङ्ग्रीको मुख्य साधन " भन्ने नारालाई अगाडि बढाएको छ । उक्त नारा साकार पार्न शैक्षिक विकास,पहुँच र व्यवस्थालाई अग्रस्थानमा राखेको छ । शिक्षा क्षेत्रमा सङघीय सरकारबाट बन्नुपर्ने शिक्षा ऐन तथा नियमावली निर्माण तथा संसोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु तथा स्थानीय सरकारबाटै शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या तथा चुनौती विद्यमान रहेतापनि आवश्यक स्थानीय कानुन,नीति तथा कार्यविधि तर्जुमा देखि तिनको कार्यान्वयनमा लुङ्ग्री गाउँपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भइ रहेका छन्। शिक्षा विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौती तथा समस्याहरुलाई उचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण गाउँबासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विस्वास लिएको छु ।

लुङ्ग्री गाउँपालिकालाई उत्कृष्ट शैक्षिक गन्तव्य को रुपमा विकास गर्ने कार्यलाई मूर्तरुप दिन गाउँसभाले पारित गरेका शिक्षाका नीतिको आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा पाँच वर्षीय गाउँ शिक्षा योजना तर्जुमा गरिएको छ । विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरु, विपद् व्यवस्थापन सँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनको पाटोलाई समेटेर तयार पारिएको योजनाले लुङ्ग्री गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विस्वस्त छु ।

अबको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सिप सिकाउन सकेमा मात्र सिपयुक्त व्यक्ति श्रमबजारमा सहजै बिक्न सक्ने दक्ष जनशक्ति तयार भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकोले विश्वब्यापी रुपमा उठाइएको जीवनोपयोगी कलाकौशल सिप तथा यस लुङ्ग्री गाउँपालिका क्षेत्रको परम्परागत मौलिक ज्ञान ,सिप, संस्कृति र सभ्यताका असल पक्षहरुलाई समेट्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत तथा समृद्ध गाउँपालिका बनाउने पवित्र सोच बोकेको यो योजना निर्माणमा खटिने लुङ्ग्री गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका शिक्षा प्रमुख,गाउँ शिक्षा समितिका पदाधिकारी ज्यूहरु, युनिसेफ, यूरोपियन यूनियन, कालिका स्वावलम्वन सामाजिक केन्द्र कपिलवस्तु, यु.एस.ए.आई.डी.प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमका स्थानीय शिक्षा ईकाइ संयोजक ज्यू ,भाषा सम्पादन गरि सहयोग गर्नुहुने श्री गोकुल मा.वि.का शिक्षक श्री डोर बहादुर बिष्ट तथा योजना निर्माण कार्यदल लगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस कार्यान्वयनमा जुट्न सबैमा अपिल गर्दछु। धन्यवाद ।

भरत कुमार थापा
गा. पा. अध्यक्ष

लुङ्ग्री गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
लुम्बिनी प्रदेश नेपाल

## कृतज्ञता

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा नियमावली २०५९, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा गाउँपालिकाले अवलम्बन गरेका विभिन्न ऐन, कानुन र मापदण्डहरूलाई आधार मानी स्थानीय आवश्यकता पहिचान गरी पाँच वर्षे गाउँ शिक्षा योजना २०८१/०८२-२०८५/०८६ तयार गरी योजनालाई कार्यान्वयनको चरणमा प्रवेश गरिरहेकोमा मलाई अत्यन्त हर्ष लागेको छ ।

शिक्षा कुनै पनि समाजको मेरुदण्ड हो । दिगो विकासका लागि शिक्षाको विस्तार आवश्यक हुन्छ । यही लक्ष्यसहित पालिकाको वर्तमान शैक्षिक अवस्थाको समग्र मूल्याङ्कन गरी स्थानीय सरोकारबालाहरूको सक्रिय सहभागितामा विषय विज्ञहरूको मार्गदर्शनमा यो रणनीतिक योजना निर्माण गरिएको हो । यस योजनाले पालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन प्रदान गर्ने विश्वास गरिएको छ।

यस योजना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राय सल्लाह सुझाब दिइ योगदान दिने विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्थानीय अभिभावक, विषय विज्ञहरू, गाउँ शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि एवं योजना लेखन कार्यदलका सदस्यहरू र प्राविधिक रुपमा निरन्तर सहयोग गर्ने कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलबस्तुका SESP प्राविधिक अधिकृत ऋषिकेश डाँगी तथा युनिसेफ नेपाल, युरोपियन यूनियन, यु.एस.ए.आई.डी.प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमका स्थानीय शिक्षा ईकाइ संयोजक लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसैगरी, यस योजनाको मर्मलाई आत्मसात् गरी यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ शिक्षा समिति, जनप्रतिनिहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, यस योजनाको सफल कार्यान्वयन र प्रभावकारी परिणाम प्राप्त गर्न यहाँहरूको अमूल्य सुझाव र निरन्तर सहयोगको अपेक्षा गर्दछु। लुङ्ग्री गाउँपालिकाको शैक्षिक उन्नति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद।

भेष बहादुर विष्ट
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

# विषयसूची


कार्यकारी सारांश........................................................१

क) विषय प्रवेश ........................................................ ४

परिच्छेद – १ : परिचय........................................................९

१.१ वर्तमान अवस्था ........................................................९

१.३ मुख्य समस्या तथा चुनौतीको ( SWOT) विश्लेषण ........................................२०

परिच्छेद -२ दुरदृष्टि,उद्देश्य,रणनीति तथा लक्ष्य निर्धारण ..................................२८

२.१ शिक्षा योजना निमार्णका कानुनी तथा संवैधानिक आधारहरुः ..................................२८

२.२ दुरदृष्टि........................................................२९

२.३ लक्ष्य ........................................................२९

२.४ उद्देश्यहरु : ........................................................२९

२.५ रणनीतिहरु : ........................................................३०

२.६ कार्यनीतिहरुः........................................................३०

२.७ शैक्षिक योजना कार्यान्वयनको लागि अपेक्षित उपलब्धिः......................... ३२

२.८ पञ्चबर्षीय शैक्षिक योजनाको मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण..... ३३

परिच्छेदः ३ शिक्षाका मुख्य उपक्षेत्रहरु ........................................ ३७

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........................................ ३७

३.२ आधारभूत शिक्षा ........................................................४१

३.३ माध्यमिक शिक्षा ........................................................ ४५

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........................................ ४९

**३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ........................................५२**

**परिच्छेदः ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु ..........................................५६**

**४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........................५६**

**४.१.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप ....................................... ५८**

**४.२ शिक्षक व्यवस्थापन र विकास ........................................................५९**

**४.२.२ वर्तमान अवस्था .......................................................................६०**

**४.३ शैक्षिक समता र समावेशीकरण....................................................... ६२**

**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम............................................. ६५**

**४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ...........................६८**

**४.६ विद्यालय भौतिक पूर्वाधार विकास ................................................... ७१**

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि.............................................. ७३**

**परिच्छेदः ५ सुशासन र व्यवस्थापन....................................................... ७६**

**५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ................................ ७६**

**परिच्छेद – ६ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.............................. ८०**

**परिच्छेद- ७ लगानी र स्रोत व्यवस्थापन ...........................................८२**

**परिच्छेद -८ अनुगमन तथा मूल्याङ्कन ................................................८६**

**सन्दर्भ सामग्रीहरू ........................................................................९०**

# कार्यकारी सारांश

“प्रविधि मैत्री, व्यवसायिक र गुणस्तरीय शिक्षामा अभिबृद्धि; समतामुलक पहुँच सहित लुङ्ग्रीको विकास र समृद्धि,” भन्ने मूल नारा बोकेको लुङ्ग्री गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गतको रोल्पा जिल्लामा अवस्थित १३५.२३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको एक विकासशील स्थानीय तह हो । गाउँपालिकालाई समृद्ध र सुन्दर बनाउने एउटा महत्वपूर्ण आधारको रुपमा रहेको शिक्षा क्षेत्रको विकास तथा गुणस्तर सुधारका लागि मुख्य दस्तावेजका रुपमा यस पाँच वर्षे शिक्षा योजना तयार पारिएको हो । नेपालमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधान २०७२ मा व्यवस्था भएबमोजिम अनिवार्य र नि:शुल्क शिक्षाको सफल कार्यान्वयनका कार्यक्रमहरु यस योजनामा समेटिएका छन्। संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेका स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि यस गाउँपालिकाले विगतका वर्षहरुमा विद्यालयको भौतिक, शैक्षिक, आर्थिक तथा मानवीय स्रोत र साधनको विकास,व्यवस्थापन तथा सुधार र सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु गर्दै आएको छ। शिक्षा ऐन, नियमावली र कार्यविधिहरु निर्माण,विद्यालय भौतिक पूर्वाधार निर्माण तथा सुधार,कम शिक्षक दरबन्दि भएका विद्यालयहरुमा पालिका अनुदानका शिक्षक व्यवस्थापन, शिक्षक क्षमता विकासका क्रियाकलाप, शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थी छात्रवृत्ति वितरण, उत्कृष्ट शिक्षक सम्मान, स्थानीय पाठ्यक्रम निर्माण जस्ता मुख्य कार्यक्रमहरु यस पालिकाले कार्यान्वयन गर्दै आएको छ । जसबाट विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारमा सुधार, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा र बालमैत्री विद्यालय जस्ता क्षेत्रमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

नेपालको संविधान २०७२ अनुसार आधारभूत शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था भएतापनि त्यसको सफल कार्यान्वयन हुन नसकेको अवस्था छ । संवैधानिक रुपमा आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरिएको भएतापनि हालसम्म स्पष्ट ऐन कानुन नबन्नु, सामुदायिक विद्यालयहरुमा न्यूनतम शिक्षक दरवन्दीको अभाव हुनु, वर्तमान शिक्षा प्रणालीले आर्थिक, सामाजिक लगायतका सांस्कृतिक विविधता र पहुँचको सम्वोधन गर्न नसक्नु, सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि गरिएको लगानी न्यून हुनु, समसामयिक रुपमा विद्यालय नक्साङ्कन पुर्नस्थापना र पुर्नवितरण गर्न नसकिनु, बालबालिकाहरुको सिकाइको निम्ति अभिभावकहरु सक्रिय नबन्नु,सामुदायिक विद्यालयहरुको सिकाइमा आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्न नसकिनु, शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकासका कार्यक्रमहरु न्यून मात्रामा सञ्चालन हुनु, विद्यालयलाई अझैपनि शान्ति क्षेत्रको रुपमा व्यवस्थित गर्न नसकिनु,विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोड्न नसकिनु, विद्यार्थीहरुको सिकाइलाई दैनिक जीवनसँग आवद्ध गर्न कठिनाइ हुनु जस्ता मुख्य समस्या तथा मुद्धाहरु शिक्षा क्षेत्रमा विद्यमान रहेको पाइन्छ ।

लुङ्ग्री गाउँपालिकाको शैक्षिक विकासका लागि कोशेढुङ्गा मानिएको यस पाँच वर्षे शिक्षा योजनाको मूख्य उद्देश्य सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्दै अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई

गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु रहेको छ । यसका साथै योजना अवधिभरमा गाउँपालिकालाई अनौपचारिक, वैकल्पिक र जीवनपर्यन्त निरन्तर शिक्षाका माध्यमबाट पूर्ण साक्षर गाउँपालिका बनाउनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । यसैगरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास तथा बालमैत्री वातावरण र भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने एवम् आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिने जस्ता कुराहरु समेत यस योजनाको उद्देश्यको रुपमा रहेकाछन् ।

परिवर्तनशील र युग सुहाँउदो शिक्षाका माध्यमबाट व्यक्ति, समाज र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन सकिने हुनाले उपयुक्त शिक्षाका लागि विद्यालय शिक्षाको व्यवस्थापकीय, शैक्षिक, प्रशासनिक तथा आर्थिक र गुणस्तर सुधार गर्ने, आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिबृद्धि गर्ने, अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुर्नवितरण गर्ने, शिक्षकहरुको पेसागत सहयोग तथा क्षमता विकास गर्ने,विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने , विद्यालय शिक्षालाई उच्च शिक्षासँग आवद्ध गर्दै दक्ष मानव संसाधनको विकास गर्ने, शैक्षिक पहुँच तथा समावेशीतामा बृद्धि गर्ने, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने, विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व क्षमतामा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने,विपद्को समयमा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने, शैक्षिक क्षेत्रमा आवश्यक पर्ने संरचनागत एवं मानवीय स्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जस्ता मुख्य रणनीतिहरु यस योजनामा समावेश गरिएको छ ।

लुङ्ग्री गाउँपालिकाको शैक्षिक मार्गदर्शक दस्तावेजका रुपमा रहेको यस शिक्षा योजना निर्माण गर्दा शिक्षा योजना विकासको लागि सुरुमा सम्बन्धित सरोकारवालाहरुसँग प्रारम्भिक छलफल तथा परामर्श गरी गाउँपालिका अध्यक्ष श्री भरत कुमार थापाको संयोजकत्वमा ९ सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरी योजना निर्माणका लागि छलफल तथा कार्ययोजना निर्माण भएको थियो । सोहि अनुरुप गाउँ शिक्षा समितिमा छलफल गरी कार्यपालिकाबाट बजेट व्यवस्थापन भएको थियो । योजनाको तथ्याङ्क सङ्कलनका साधनहरुको निर्माण र सङ्कलन, गाउँपालिकाको आवधिक योजना, लुङ्ग्री गाउँपालिकाको वस्तुगत विवरण, वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, प्रदेश तथा सङघीयसरकारको शिक्षा सम्बन्धि योजना, नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ तथा अन्य शिक्षा सम्बद्ध आधारपत्रहरुको अध्ययन खाका तयारी तथा मस्यौदा लेखन गरी शिक्षा सम्बद्ध सबै सरोकारवालाहरुबाट सुझाव र पृष्ठपोषण सङ्कलन गरी संकलित सुझावका आधारमा अन्तिम मस्यौदाको सम्पादन गरिएको थियो भने अन्तमा गाउँकार्यपालिकाबाट स्वीकृत भएको हो ।

यस पाँच वर्षे शिक्षा योजनाको अन्तसम्ममा सबै बालबालिकाहरू गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्ने, अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार हुने, विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बृद्धि

हुने, गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने, अपाङ्गता भएका र सामाजिक रुपमा पछाडि पारिएका बालबालिकाहरुका लागि उपयुक्त शैक्षिक अवसरहरू प्राप्ति हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सिकाइ निरन्तरता हुने जस्ता प्रमुख उपलब्धिहरु प्राप्ति हुने यस योजनाको अपेक्षा रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्म कार्यान्वय हुने यस योजनाको कार्यान्वयनका लागि पाँच वर्षसम्म जम्मा १ अर्व १० करोड ९६ लाख ९६ हजार खर्च हुने प्रक्षेपित अनुमान गरिएको छ। जसमध्ये सङ्घीय सरकारबाट ८१ करोड १३ लाख ४१ हजार, प्रदेश सरकारबाट ३ करोड ३६ लाख ६७ हजार, स्थानीय सरकारबाट १९ करोड ८८ लाख ९६ हजार र अन्य निकायबाट ६ करोड ८५ लाख १८ हजार बजेट खर्च हुनेछ। साथै यसमा शिक्षक, कर्मचारी तलव भत्ता, छात्रवृत्ति लगायत नियमित विद्यालयमा जाने सञ्चालन तथा व्यवस्थापन अनुदान समावेश गरिएको छ।

# क) विषय प्रवेश

शिक्षा मानव विकास एवं परिवर्तनको मुख्य आधार हो । मानव समाजको विकास तथा परीवर्तनको आधार शिलापनि शिक्षा हो । राष्ट्र विकासका लागि चाहिने सक्षम जनशक्ति तयार तथा जिम्मेवार नागरिकको विकास गर्न प्रत्येक राष्ट्रले शिक्षा विकासमा ठुलो लगानी गरेका हुन्छन । विद्यालय देखि उच्च शिक्षा सम्मको लगानी राष्ट्रले गरेको हुन्छ । हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ । हाम्रो लुङ्ग्री गाउँपालिकामा पनि यसबाट अछुतो रहेको छैन । यसले नीति नियमकारी ढाँचा लगायत संरचनात्मक तथा कार्यमूल सुधार सहित समग्र परिमार्जित र परिष्कृत शिक्षा प्रणालीको माग राख्दछ । शिक्षालाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूति गर्नूका साथै संघीय, प्रान्तीय, र स्थानीय तहका लागि शिक्षा अधिकारका सम्बन्धमा निर्देशक सिद्धान्त प्रतिपादन गरेको छ । नेपालको संविधान (२०७२) ले धारा ३१ मा शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गरेको छ । त्यस्तै वालवालिका सम्वन्धि हक, महिलालाई शिक्षामा समान पहुँच पुर्याउन शिक्षाको अधिकारहरु दिइएको छ । राष्ट्रका तीनवटै तहमा उच्च शिक्षाका लागि विद्यालय तथा विश्वविद्यालय खोल्न पाउने अधिकार अनुसूचीहरुमा प्रस्ट व्यवस्था छ ।

नेपालको संविधान २०७२ ले राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि शिक्षाको लगानीलाई प्राथमिकतामा राखी राष्ट्रिय नीति जारी गरेको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७७, सोह्रौ पञ्चबर्षीय योजना आ व २०८१।०८२ देखि २०८५।०८६ ले समेत पाँच वर्ष र सोभन्दा माथिको साक्षारतादर १००% शत प्रतिशत पुयाउने, शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ त्यस्तै विद्यालय शिक्षा क्षेत्र योजना २०७७ मा भएको व्यवस्थानुसार हाम्रो लुङ्ग्री गाउँपालिकामा पनि शिक्षामा सुधारका लागि शिक्षा योजना आवश्यकता महसुस गरिएकोले यो योजना तयार पारिएको छ ।

नेपाल सरकारले इन्चोन सम्मेलनमा तय गरिएका विश्वव्यापी घोषणामा हस्ताक्षर गरी सन् २०३० सम्म नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता जनाएको छ । सार्वजनिक शिक्षामा पहुँच बृद्धि भएसँगै गुणस्तरमा समेत सुधार गर्ने मुख्य लक्ष्य सहित वि.स २०७९ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रवाट विकासशिल राष्ट्रको रुपमा स्तर उन्नति गरी वि. स २०८७ सम्म मध्यम आयु भएको मुलुकको स्तरमा पुग्ने दुरदृष्टिमा केन्द्रित रहेर नेपालमा हाल क्षेत्रगत योजनाका रूपमा विद्यालय क्षेत्र विकास योजना (SESP) निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ । निजी, सरकारी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति लिइने जनाइएको छ । उद्यमशीलताउन्मुख स्वरोजगारका लागि व्यवसायिक तालिमको उपलब्धतासँगै सुरुवाती पुँजी लगानीमा सहयोग गर्ने, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, ज्ञान, सीप, प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने लगायतका विषय अवधारणापत्रमा राखिएकाछन् । सीमान्तकृत वर्ग तथा समुदायको सशक्तिकरण र सकारात्मक विभेदमार्फत् समावेशी रोजगार प्रर्बन्धन गर्ने, आप्रवासी कामदारको नियमन गरी आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई प्राथमिकता लिने १६ औ योजनाको मर्मनुरुप अघि बढ्नुपर्ने देखिन्छ । लुङ्ग्री गाउँपालिकाको योजनाले दिगो विकासका लक्ष्यहरु,सबैका लागि समतामूलक तथा समाबेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता जीवन पर्यन्नत सिकाइका अवसर प्रवर्धन गर्ने ध्येयलाई पनि अङ्गको रुपमा लिईएको छ । त्यस अनुसारको नागरिक उत्पादनको लागि यस गाउँपालिकाले पनि प्रयास गर्नु वाञ्छनिय भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च तथा दस्तावेजमा गरेका प्रतिवद्धताहरूलाई समेत आत्मसात गरी तत–तत् दस्तावेजको कार्यान्वयनमा जोड दिइरहेको छ । तर सीमित स्रोत साधन र असीमित आवश्यकताले गर्दा लुङ्ग्री गाउँपालिकाकाले

यी सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई चुनौतीको रुपमा लिइरहेको छ । यसका लागि अन्य स्थानीय तह प्रदेश तथा संघ सरकार र सहयोगी संघसंस्थाहरूसँग निरन्तर समन्वय गरी आवश्यक सहयोग जुटाउन समेत गाउँपालिका प्रयासरत रहेको छ । वर्तमान शिक्षा प्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणालीमा सुधार गर्न खोज्दा पनि सोचेजस्तो सुधार हुन सकेन। नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा रहेको स्थितिमा शिक्षालाई कसरी व्यवहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी, अनुसन्धानमूलक ज्ञान यस गाउँपालिकाका विविध मौलिक परम्परा, कला, सँस्कृति, ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै आधुनिक प्रविधि, ज्ञान तथा सिपको पनि भरपूर प्रयोग गर्नसक्ने विद्यार्थी उत्पादन गर्ने भन्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ भने अर्कोतिर विविधता, समता, समावेशीता, पहुँच योग्यता र दीगो सिकाइ लाई जोड्दै शिक्षामा न्यून पहुँच भएका परिवारका बालबालिकाहरु, तह पूरा नगरी विचैमा पढाइ छोड्ने बालबालिकाहरुका लागि शिक्षा प्रणालीको समतामूलक मूलधारमा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्न विशेष योजना र आवश्यक स्रोतको एकीकृत गर्नु ठुलो आवश्यकता छ । राज्यको पुर्नसंरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो सेवाक्षेत्रमा शिक्षामा सकारात्मक परिवर्तनका लागि स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर बृद्धि गर्दै विद्यालयको समग्र पक्षको सुधार, विद्यालय शिक्षामा लगानी तथा गुणस्तर कायम गर्न मार्ग निर्देश गर्ने शिक्षा क्षेत्रको समग्र विकासका लागि यस दीर्घकालिन ५ वर्षे योजनाले मार्ग प्रसस्त गर्ने अपेक्षा गरिएको छ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

देशमा संघीयता आइसकेपछि तीन ओटै तहको सरकारको कार्यविभाजन पश्चात निर्माण गरिएका ऐन नियम मध्ये स्थानीय सरकार सञ्चालन ऐन २०७४ जुन नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेख भए अनुसार उल्लेखित ऐनको दफा ११(ज) अनुसारका आधारभूत र माध्यमिक तहका लागि तय गरिएका २३ ओटा अधिकार कार्यान्वयनको सुनिश्चितता गर्न शिक्षा, विज्ञान, प्रविधि र सँस्कृतिलाई समायोजन गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकतालाई पूरा गर्ने जनशक्ति निर्माणको आधारशीला तयार गर्न योजना निर्माणको आवश्यकता रहेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन तथा नियमावली, सोहौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्यले तय गरेका नीति, कार्यक्रमलाई आधार मान्दै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय सरकारको लागि मार्ग निर्देश गरेको शिक्षा योजना निर्माणको खाका अनुरुपका विषयवस्तुहरु समावेश गरी ५ वर्षीय शिक्षा योजनाको माध्यमबाट शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका लागि भइरहेका पहलकदमीहरुमा उर्जा दिंदै योजनावद्ध ढंगले अगाडि बढ्नका लागि योजनाको आवश्यकता महसुस गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन दफा २४(१) अनुसार स्थानीय तहले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) २०७९ को परिमार्जित संस्करण २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको परिप्रेक्ष्यमा उक्त योजनाले तय गरेका उद्देश्य र रणनीतिहरुलाई आधार मान्दै शिक्षामा विविधता, समता, समावेशिता र पहुँचमा अभिबृद्धि गर्न गुणस्तरीय शिक्षाको सुनिश्चितता कायम गरी शिक्षा क्षेत्रलाई आधुनिकीकरणको गतिमा अगाडि बढाउन शिक्षा योजना निर्माणको आवश्यकता महसुस गरिएको छ।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

शिक्षा योजना शैक्षिक व्यवस्थापनको एउटा अङ्ग हो । व्यवस्थित, प्रभावकारी र कुशल शैक्षिक व्यवस्थापनको लागि योजना निर्माण एउटा महत्वपूर्ण कार्य हो । उक्त शिक्षा योजनाले उपलब्ध स्रोत साधनको परिचालन गरी तोकिएको समयसीमा निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्न मार्गचित्र प्रस्तुत गर्दछ । शिक्षा योजनाको आवश्यकतालाई देहायका बुँदाहरूबाट पुष्टि गर्न सकिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहका लागि स्वीकृत गरेको १० वर्षे शिक्षा योजनाको खाका अनुरुपका विषयवस्तुहरुलाई समावेश गरी लुङ्ग्री गाउँपालिकाको शिक्षा क्षेत्रलाई अगाडि बढाउन साथै बालबालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । भविष्यमा हासिल गर्ने लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजालाई परिभाषित गरी त्यसका लागि लिइने रणनीति, नीति, कार्यक्रम, प्राथमिकता र स्रोत साधनको समष्टिगत स्वरूप नै योजना हो । शिक्षा क्षेत्रको योजनाले पनि विगतका अनुभवबाट प्राप्त ज्ञान र सूचनाको उपयोग गरी भविष्यको स्थिति र परिवेशको आँकलन गर्दै शैक्षिक क्षेत्रमा गुणस्तर सहितको परिवर्तनको मार्गचित्र तयार गर्दछ । व्यवहारिक र नजितामूलक शिक्षा योजना तयार गर्न सान्दर्भिक सूचना, सरोकारवालासँग परामर्श, वस्तुस्थितिको विश्लेषण, योजनाको कार्यान्वयन,योजनाको अनुगमन तथा मूल्याङ्कन, र पुनरावलोकन जस्ता विषयहरू समेटेर ५ वर्षे बृहत योजना बनाउने जमर्को गरेको छ । सङ्क्षेपमा अहिले हाम्रो शिक्षा कस्तो अवस्थामा छ र अबका बर्षहरुका निश्चित अवधि भित्र कस्तो अवस्थामा पुर्याउने भन्ने कुराको सुनिश्चितता यो योजनाले देखाउँछ ।

## औचित्य

१. लुङ्ग्री गाउँपालिका भित्र उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न ।
२. समय सापेक्ष र क्रमवद्ध रुपमा बालबालिकाहरुको सिकाइ उपलब्धिमा सुधार गर्ने रणनीति अवलम्बन गर्न।
३. स्थानीय सरकार र सरोकारवालाहरुबीच शैक्षिक गुणस्तर अभिबृद्धिका लागि संयन्त्र (mechanism) निर्माण गरी अघि बढ्न।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको सुधार, विस्तार गरी विविधता, समता, समावेशिता र पहुँचयोग्यताका लागि सिमान्तकृत समुदाय सहित सबैको पहुँच पुऱ्याउन ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्न ।
६. शिक्षा प्रणालीमा सुशासन कायम गरी उत्तरदायित्व र जवाफदेहिता विकास गर्न ।
७. सङ्घ र प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना हटाइ स्रोतको अधिकतम परिचालन र उपयोग गर्न ।

## घ) शिक्षा योजना निर्माणका आधार

हाम्रो लुङ्ग्री गाउँपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्न लिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाई मूल आधार मानि शिक्षा योजना निर्माण गर्ने प्रयास गरेको छ।

- नेपालको संविधान
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) सन २०२२।०२३ देखि २०३१।०३२
- शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, २०७६ शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,
- दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप
- स्थानीय विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट
- Recovery and Accelerated Learning (ReAL) Plan २०२३-२०२८
- विद्यालय शिक्षामा समता रणनीति
- राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८
- विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)
- अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू
- लुङ्ग्री गाउँपालिका शिक्षा कार्यदलको प्रतिवेदन, २०७९
- Flash Report 2023/024
- लुङ्ग्री गाउँपालिकाको बजेट पुस्तिका २०८१/०८२
- निर्देशिका,कार्यविधि तथा मापदण्डहरुको सङ्गालो २०८१ आदि l

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गर्दै यस लुङ्ग्री गाउँपालिकाले शिक्षा क्षेत्रलाई सुधारको बाटोमा अघि बढाउन गाउँकार्यपालिका, गाउँ शिक्षा समिति लगायतका विभिन्न फोरमहरुमा शिक्षा योजनाको आवश्यकता महसुस गरी छलफल गरिदै आएको छ। सोही अनुसार लुङ्ग्री गाउँपालिकाले मिति २०८१ श्रावण १३ गते गाउँ शिक्षा समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री भरत कुमार थापा ज्यूको अध्यक्षतामा गाउँ शिक्षा समितिका पदाधिकारीहरु र गाउँपालिकाका सरोकारवालासँग बैठक/कार्यशाला बसी शिक्षा योजना बनाउने निर्णय गरिएको थियो। उक्त बैठक/ कार्यशालामा गाउँ शिक्षा योजनामा समावेश गरिनुपर्ने विषयवस्तु माथि छलफल गरिएको थियो

। गाउँ शिक्षा योजना तयार गर्नको लागि लुङ्ग्री गाउँपालिका गाउँ शिक्षा समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष श्री भरत कुमार थापा ज्यूको संयोजकत्वमा गठित ९ सदस्यीय कार्यदलले विभिन्न समयमा गाउँ शिक्षा योजना निर्माण लेखन गरी विभिन्न मितिमा गाउँपालिका स्तरीय विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट प्राप्त सुझावहरु, विभिन्न विद्धत वर्गहरुसँग छलफल, अन्तरक्रिया गरी यहाँहरुको अमूल्य सुझावहरुलाई यस शिक्षा योजनामा समावेश गरेको छ । उक्त योजनाको अन्तिम रुपलाई गाउँ शिक्षा शिक्षा समितिको बैठकको निर्णय सहित गाउँ कार्यपालिकाबाट पास गरी कार्यान्वयनमा लैजाने प्रक्रियाहरु अवलम्बन गरिएको थियो । यस लुङ्ग्री गाउँपालिकाले शिक्षा योजना निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरेको थियो जुन प्रक्रियाहरु निम्नानुसार रहेका छन ।

- ✓ गाउँ शिक्षा समितिका पदाधिकारीहरु र गाउँपालिकाका सरोकारवालासँग बैठक/कार्यशाला
- ✓ योजना निर्माण कार्यदल गठन
- ✓ विभिन्न सरोकारवालाहरु (विद्यालय प्र.अ.पालिकाका कर्मचारीहरु आदि सँगको भेला र छलफल पृष्ठपोषण)
- ✓ मस्यौदा तयारी
- ✓ मस्यौदा माथि सुझाव सङ्कलन
- ✓ योजनाको अन्तिम रुप
- ✓ बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा
- ✓ योजनाको स्वीकृति र कार्यान्वयन

## च) योजनाको दस्तावेजको स्वरूप

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयल, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको स्थानीय तहको शिक्षा योजनाको खाकालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ परिमार्जित तथा अध्यावधिक संस्करण २०८१ को अनुसूची १ अनुसार तयार गरिएको छ ।

# परिच्छेद – १ : परिचय

## १.१ वर्तमान अवस्था

विना योजना गन्तव्य हासिल गर्न सकिँदैन । गन्तव्यमा पुग्नका लागि योजना अपरिहार्य हुन्छ। योजनाले हिजोको स्थिति, वर्तमानको यथार्थ र भविष्यको सपनालाई बोध गराएको हुन्छ। जसको अध्ययनबाट हिजोका दिनको ज्ञान, सीप र अनुभवलाई आत्मसाथ गर्दै वर्तमानमा भविष्यको आशाका लागि काम गर्न सघाउँछ ।

केन्द्रबाट तयार गरेको शिक्षा योजनाले स्थानीय शैक्षिक रुपान्तरणमा सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने अभिप्राय सहित स्थानीय गाउँ शिक्षा योजनाको अवधारणा आएको हो। भौगोलिक, सामाजिक, जातीय, भाषिक, आर्थिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक विविधतालाई सम्बोधन गर्न, परम्परागत ज्ञान, सिप, प्रविधिलाई उजागर गर्न, स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति अभिमुखीकरण हुँदै स्थानीय स्तरकै पहलमा संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न, हालको शैक्षिक स्थिति विश्लेषण गरी ५ वर्षभित्र कस्तो अवस्थामा पालिकालाई पुऱ्याउने दृष्टिकोणसहित रैथाने ज्ञान, सिप, पेसा, व्यवसाय, सँस्कृति र कला कौशलप्रति जानकारी लिई यसमा रहेका मौलिकताको संरक्षण, सम्वर्द्धन गर्न, मौलिक जीवनशैली, संस्कार र स्वास्थ्य बानीप्रति सचेतना बृद्धि गरी निश्चित योजना निर्माण गरी पालिकालाई सुन्दर, सभ्य र समृद्ध बनाउन स्थानीय गाउँ शिक्षा योजनाको आवश्यकता बोध भएको हो ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरू सुनिश्चित गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, शिक्षा नीति २०७६, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकास लक्ष्य, शिक्षाको सोचपत्र, २०७९ र १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं. २०७८ देखि २०८८ सम्म) को निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । सङ्घीय स्वरूपको राज्य व्यवस्थामा राज्यका तीनै तहका सरकारबिचको आपसी समन्वय, सहयोग र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सकिन्छ। मुलुकको मानव संसाधनलाई प्रतिस्पर्धी, दक्ष, स्वावलम्वी बनाई मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्याउन सकिन्छ। यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु अति जरूरी देखिन्छ। यस सन्दर्भमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८ देखि २०८८सम्म) विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । सङ्घ तथा प्रदेश सरकारद्वारा जारी राष्ट्रिय तथा प्रादेशिक नीति, योजना तथा कार्यक्रम, अन्तर्राष्ट्रिय प्रतिबद्धता, आवधिक योजना र दीर्घकालीन सोचको परिधिभित्र रही लुङ्ग्री गाउँपालिकाले पनि पालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरेको छ ।

## १.२ गाउँपालिकाको परिचय

सङ्घीय गणतन्त्र राज्य नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लाको १० वटा स्थानीय तह मध्येको लुङ्ग्री गाउँपालिका पनि एक हो । अति सौन्दर्य मनमोहक प्रसिद्ध लुङ्ग्री नदिको नामवाट नामाकरण गरिएको यस गाउँपालिकाको केन्द्र साबिकको वडाचौर गा. वि. स. को किलाचौरमा रहेको छ। यस गाउँपालिका रोल्पा जिल्ला सदरमुकाम लिवाङ देखि ३५ कि.मि. उत्तर पूर्वमा अवस्थित छ। यस गाउँपालिकाको धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा बोक्से ढुंगा, देउराली मन्दिर, एक पिलरे मन्दिर, शिवमहादेव गुठि, सुपादेउराली शाखा मन्दिर , मस्ता मन्दिर, थर्कोट लेख, बडाचौर बराह थान, बडाचौर बिमान स्थल थाम शिव मन्दिर र भालु गुफा आदि रहेकाछन्।

नेपालको संविधान २०७२ अनुसार वि.सं. २०७३ सालका सङ्घीय संरचना अनुसार यो गाउँपालिका निर्माण भएको हो। यस गाउँपालिका रोल्पा जिल्लाका साविकका पाङ, सिर्प, वडाचौर, गुम्चाल र हार्जङ गाविसहरुलाई समावेश गरी स्थापना गरिएको हो। यस पालिकालाई ७ वटा वडामा विभाजन गरिएको छ। रोल्पा जिल्लाका प्रतिनिधि सभा सदस्यका लागि एउटा एउटा मात्र निर्वाचित क्षेत्र कायम रहेको छ। यस क्षेत्र हाल प्रदेश सभा सदस्यको निर्वाचनका लागि तय गरिएका निर्वाचित क्षेत्र मध्ये प्रदेश क अन्तर्गत पर्दछ।

### १.२.१ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

लुङ्ग्री गाउँपालिका समुद्री सतहदेखि करिब ९०० मीटरदेखि २५०० मिटर सम्मको उचाइमा अवस्थित रहेको छ। जिल्लाको कुल १८७९ वर्ग कि.मी. क्षेत्रफलमध्ये यस गाउँपालिकाले करिब १३५.२४ वर्ग कि.मी. (अर्थात ७.१९ %) क्षेत्रफल ओगटेको छ भने भौगोलिक रुमपा ८२.७७° पूर्वी देशान्तर र २८.२७° उत्तरी अक्षांशमा रहेकोछ । कुल क्षेत्रफल मध्ये करिव दुई तिहाई भु-भाग वनजङ्गलले ढाकेको छ भने बाँकी भु भाग वस्ती वा आवादीले ओगटेको छ। यहाँ उपलन्ध रहेको कुल खेतियोग्य जमिनमध्ये १० प्रतिशत जमिनमा मात्र सिचाई सुबिधा छ भने बाँकी ९० प्रतिशत जग्गामा वर्षातको सिंचाईमा भर पर्नु पर्दछ। यस गाउँपालिकाको पूर्वमा नौबहिनी गाउँपालिका प्युठान, पश्चिममा सुनछहरी गाउँपालिका र सुनिलस्मृति गाउँपालिका, उत्तरमा सुनछहरी गाउँपालिका तथा दक्षिणमा सुनिलस्मृति गाउँपालिका र प्युठान जिल्ला पर्दछन्।

### १.२.२ सामाजिक र साँस्कृतिक अवस्था

यस गाउँपालिकामा मुख्यतया क्षेत्री (४६.९%) जातिको बाहुल्यता रहेको छ भने दोस्रो र तेस्रो क्रमश ठूलो सङ्ख्या मगर (२८.७%) र दलित (१७.२) जातिको रहेको छ। पालिकामा बसोवास गर्ने विभिन्न जातजातिहरूको आ-आफ्नै मौलिक परम्परा, भाषा, भेषभूषा, धर्म, संस्कृति, चाडपर्व, रीतिरिवाज, चालचलन रहेको पाइन्छ। यहाँका मानिसहरू मुख्य रुपमा दशैं, तिहार, ल्होसार, माघेसंक्रान्ति, तीज, बुद्ध जयन्ति आदि चाडपर्व मनाउने गर्दछन्। यस पालिकाभित्र विद्यमान धार्मिक, सामाजिक र सांस्कृतिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेकाछन्।

### १.२.३ जनसङ्ख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार लुडग्री गाउँपालिकाको कुल जनसङ्ख्या २६३२५ रहेको छ। जसमध्ये पुरुषको सङ्ख्या १२०८५ छ भने महिलाको जनसङ्ख्या १४२४० छ। लुङ्ग्री गाउँपालिकाकाको जनसङ्ख्याविष्लेषण गर्दा महिलाको प्रतिशत ५४.१ देखिन्छ भने पुरुष प्रतिशत ४५.९ देखिन्छ। लुडग्री गाउँपालिकाको ७ वडाहरु मध्ये सबभन्दा धेरै जनसङ्ख्या भएको वडा न १ हो जसको जनसङ्ख्या ५४४३ रहेको छ । यसैगरि सबभन्दा थोरै जनसङ्ख्या रहेको बड़ा भनेको बडा न ७ हो जसको जनसङ्ख्या २५४२ रहेको छ । अन्य वडाहरुको जनसङ्ख्याहेर्दा वडा नं २ मा ३८८५ , वडा नं ३ मा २९५०, वडा नं ४ मा ३७९४, वडा नं ५ मा ३३१४ र वडा नं ६ मा ४३८९ रहेको देखिन्छ। यो गाउँपालिकामा रहेको घर धुरी सङ्ख्या रहेको छ। लुडग्री गाउँपालिकामा प्रति घरधुरी जनसङ्ख्या ४.८० देखिन्छ। औसत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी. १९५ जना रहेको छ। यस क्षेत्रमा ९८.६ प्रतिशतले नेपाली भाषा बोल्दछन।

**तालिका नं.१ उमेरगत अनुसारको जनसङ्ख्याको विवरण**

| क्र.स. | उमेर समूह (वर्षमा) | पुरुष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ००-०४ वर्ष | १५५७ | १४५० | ३००७ | ११ | |
| २ | ०५-०९ वर्ष | १६०९ | १५३७ | ३१४६ | १२ | |
| ३ | १०-१४ वर्ष | १७६४ | १७२९ | ३४९३ | १३ | |
| ४ | १५-१९ वर्ष | १३८२ | १५८८ | २९७० | ११ | |
| ५ | २०-२४वर्ष | ९८६ | १३८४ | २३७० | ९ | |
| ६ | २५-२९ वर्ष | ६९८ | ११६१ | १८५९ | ७ | |
| ७ | ३०-३४ वर्ष | ५५८ | ९०३ | १४६१ | ६ | |
| ८ | ३५-३९ वर्ष | ४८४ | ७९९ | १२८३ | ५ | |
| ९ | ४०-४४ वर्ष | ५०८ | ७२६ | १२३४ | ५ | |
| १० | ४५-४९ वर्ष | ४४३ | ५९३ | १०३६ | ४ | |
| ११ | ५०-५४वर्ष | ४७४ | ५८८ | १०६२ | ४ | |
| १२ | ५५-५९वर्ष | ३८० | ४५८ | ८३८ | ३ | |
| १३ | ६०-६४ वर्ष | ४२५ | ३९१ | ८१६ | ३ | |
| १४ | ६५-६९वर्ष | २८३ | ३४८ | ६३१ | २ | |
| १५ | ७०-७४ वर्ष | २८१ | ३१२ | ५९३ | २ | |
| १६ | ७५-७९ वर्ष | १५४ | १६७ | ३२१ | १ | |
| १७ | ८०-८४ वर्ष | ५६ | ६२ | ११८ | ० | |
| १८ | ८५-८९वर्ष | ३१ | ३२ | ६३ | ० | |
| १९ | ९०-९४वर्ष | ९ | ८ | १७ | ० | |
| २० | ९५ +वर्ष | ३ | ४ | ७ | ० | |
| | जम्मा | १२०८५ | १४२४० | २६३२५ | १०० | |

स्रोतः राष्ट्रीय जनगणना २०७८

### १.२.४ आर्थिक अवस्था

लुङ्ग्री गाउँपालिकाभित्रको आर्थिक गतिविधिहरू जीविकोपार्जनमुखीछन् । यस गाउँपालिका भित्र रहेका यहाँ कृषि, पशुपालन, व्यापार, नोकरी, वैदेशिक रोजगारी तथा ज्याला मजदुरीमार्फत आर्थिक गतिविधिहरू सञ्चालितछन् । प्राविधिक तथा व्यावसायिक शिक्षामा स्थानीयको पहुँच पुग्न नसक्दा शिक्षाले रोजगारीका अवसरहरू सिर्जना हुन सकेको छैन। तथापि कृषि, जडिबुटी खेतीपाती, पशुपालन, फलफूल खेती, पर्यटन क्षेत्रलाई व्यावसायीकरण गरी अन्य आय आर्जनमा जोड्न सकिने प्रचूर सम्भावना देखिन्छ । यसका लागि स्थानीय ज्ञान, सिप, अभ्यास र प्रविधिलाई आधुनिक उन्नत प्रविधिसँग आबद्ध गराई विद्यालय तहबाटै व्यावहारिक र जीवनोपयोगी शिक्षाको विकास र विस्तार गरी योग्य, दक्ष, सक्षम र स्वावलम्बी नागरिक तयार गर्नका लागि शैक्षिक संस्थाहरूलाई आर्थिक उपार्जनको केन्द्रको रुपमा समेत विकास गर्न जरुरी देखिन्छ।

यस गाउँपालिकाका बहुसङ्ख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ। कृषि अन्तर्गत अन्नबाली, तरकारी बाली, नगदेबाली, पशुपालन आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर आदि अन्नवाली हुन्। यस गाउँपालिकाको कुल आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी देखिन्छ।

### १.२.५ शैक्षिक अवस्था

यस लुङ्ग्री गाउँपालिकामा राष्ट्रिय जनगणना, २०७८ अनुसार ६९.०% साक्षर रहेको छ जस्मा ७८.८% पुरुषको ६०.८% महिला रहेको छ भने कुल साक्षरता मध्ये ६९.०% जनसङ्ख्या लेख्न पढन सक्ने ०.३ % जनसङ्ख्या पढन मात्र सक्ने भने अझै पनि ३०.६% (७१४५) निरक्षर रहेको छ । समग्र जनसङ्ख्याको साक्षरताको अवस्था विस्लेषण गर्दा गाउँ पालिकाले पूर्ण साक्षर गाउँपालिकाको सवाल लाई यस योजनामा प्रथमिकिकरण गर्नुपर्ने देखिन्छ।

विश्वविद्यलय र विदयालय शिक्षाको विगतको अवस्था हेर्ने हो भने राष्ट्रिय जनगणना २०७८ को तथ्याक अनुसार यस गाउँपालिकामा ५ वर्ष भन्दा माथिको साक्षर कुल १६०८२ जनसङ्ख्यामध्ये ०.३ % (४८) जना ले मास्टर डिग्रि ०.६ (१०३) जनाले मात्र ब्याचलर डिग्रि सम्मको विश्वविद्यालयको शिक्षा हासिल गरेको छ भने ४.७% (७७०) जनाले +२ सम्मको शिक्षा हासिल गरेको छ। विश्वविद्यलय शिक्षालाई पनि महत्वका साथ प्रथमिकीकरण गरि लग्नु पर्ने अवस्यकता रहेको कुरा शिक्षा योजनामा प्रथमिकीकरणा गरि जानु पर्ने देखिन्छ। लुङग्री गाउँपालकिामा विद्यालय तहसम्मको शिक्षा प्रदान गर्नका लागि सामुदायिक तहमा ४३ वटा बालविकास केन्द्र, २४ वटा आधारभूत र १३ वटा माध्यमिक विद्यालयहरु गरी जम्मा ३७ वटा सामुदायिक शैक्षिक संस्थाहरूछन् भने संस्थागत विद्यालय १ वटा रहेको छ।

शैक्षिक सत्र २०८१ IEMIS को तथ्याङ्क अनुसार कुल विद्यार्थी सङ्ख्या८९२९ जना मध्ये प्रारम्भकि बालविकास केन्द्रमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या १३२५ जना रहेको छ। त्यसैगरी आधारभूत तह अन्तर्गत कक्षा १-५ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४४९९ र कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या २०८२ जना रहेको

छ । माध्यमिक तह अन्तर्गत कक्षा ९-१० मा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या८७० र कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या१४३ जना रहेको र १ वटा विद्यालयमा कक्षा ९ -१० मा प्रावधिक धारतर्फ बालिविज्ञान समेत अध्ययन हुदै आइरहेको छ । शिक्षकको विवरणको आँकलन गर्दा प्राथमकि तहमा १०९ जना ( दरवन्दी, राहत, गा.पा.अनुदान), निम्न  माध्यमिक तहमा ३७ जना ( दरवन्दी, राहत, गा.पा.अनुदान), र माध्यमिक तह कक्षा ९-१० मा २९ जना (दरवन्दी, राहत, गा.पा.अनुदान), र माध्यमिक तह कक्षा ११-१२ मा २ जना शिक्षक सहित १७७ जना शिक्षकहरु यस पालिका अन्तर्गत रहेको देखन्छि । यसका साथै ४३ जना बालविकास सहजकर्तारुपमा कार्यरतछन् ।

तालिका नं.१ कक्षा ECD-१२ को विद्यार्थी सङ्ख्या

| क्र. स. | विद्यालयको नाम | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | नेपाल राष्ट्रिय मा. वि., लुङ्ग्री-१ | २०८ | २१८ | ४२६ | १५८ | १९६ | ३५४ | १६० | १९० | ३५० |
| २ | मा. वि., लुङ्ग्री-१ | २६२ | २७३ | ५३५ | २६५ | २५८ | ५२३ | २४५ | २३१ | ४७६ |
| ३ | युवावर्ष मा. वि., लुङ्ग्री-१ | १०८ | १२२ | २३० | ९० | १०३ | १९३ | ९५ | १०२ | १९७ |
| ४ | वालकल्याण प्रा. वि., लुङ्ग्री-१ | १७ | १९ | ३६ | १५ | १८ | ३३ | १७ | १३ | ३० |
| ५ | दोरकोट शिवालय आ. वि., लुङ्ग्री-१ | १३ | १२ | २५ | १३ | ८ | २१ | ९ | ६ | १५ |
| ६ | दुइखोली दोभान आ. वि., लुङ्ग्री-१ | ८ | ७ | १५ | ८ | ७ | १५ | १२ | ५ | १७ |
| ७ | हिमाल प्रा. वि., लुङ्ग्री-१ | ३३ | २३ | ५६ | ३३ | २३ | ५६ | ३४ | १८ | ५२ |
| ८ | जन कल्याण प्रा. वि., लुङ्ग्री-१ | ५८ | ६२ | १२० | ६३ | ६१ | १२४ | ६९ | ८५ | १५४ |
| ९ | जनजागृति आ. वि., लुङ्ग्री-१ | १६ | १० | २६ | १८ | १० | २८ | ८ | ११ | १९ |
| १० | सरस्वति मा. वि., लुङ्ग्री-१ | २५५ | २६७ | ५२२ | २४१ | २३८ | ४७९ | २२६ | २१८ | ४४४ |
| ११ | सिर्जनशिल आ. वि., लुङ्ग्री-१ | ० | ० | ० | ० | ० | ० | २७ | १६ | ४३ |
| १२ | हिक्मतेश्वर मा. वि., लुङ्ग्री-२ | २१५ | १९५ | ४१० | २१३ | २०० | ४१३ | १९३ | २१२ | ४०५ |
| १३ | बालविकास प्रा. वि., लुङ्ग्री-२ | २७ | ३४ | ६१ | ३५ | ३७ | ७२ | ३८ | ५० | ८८ |
| १४ | गोकुल मा. वि., लुङ्ग्री-२ | ५४२ | ४८६ | १०२८ | ४७२ | ४१२ | ८८४ | ३७१ | ३०१ | ६७२ |
| १५ | जनशिक्षा प्रा. वि., लुङ्ग्री-१ | २१ | ३२ | ५३ | १८ | ३१ | ४९ | १७ | ३६ | ५३ |
| १६ | सरस्वति प्रा. वि., लुङ्ग्री-२ | २३ | १९ | ४२ | २३ | १९ | ४२ | २५ | २४ | ४९ |
| १७ | सरिकोट प्रा. वि., लुङ्ग्री-२ | ३० | ४९ | ७९ | ३० | ४१ | ७१ | २९ | २९ | ५८ |
| १८ | शिवज्योति प्रा. वि., लुङ्ग्री-२ | १९६ | १८४ | ३८० | २२३ | २१६ | ४३९ | १७९ | १८५ | ३६४ |
| १९ | भूमिका प्रा. वि., लुङ्ग्री-३ | ५४ | ७० | १२४ | ५१ | ६६ | ११७ | ५३ | ६४ | ११७ |
| २० | जनज्योति प्रा. वि., लुङ्ग्री-३ | ६१ | ८० | १४१ | ६९ | ७४ | १४३ | ५४ | ५२ | १०६ |
| २१ | राष्ट्रिय प्रा. वि., लुङ्ग्री-३ | १०५ | १११ | २१६ | १११ | १२२ | २३३ | १११ | १२७ | २३८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सामाजिक मा. वि., लुङ्ग्री-३ | ३३१ | ३११ | ६४२ | ३१९ | ३१९ | ६३८ | २७६ | २६८ | ५४४ |
| २३ | सिम्लेनी वालविकास आ. वि., लुङ्ग्री-३ | १८ | १६ | ३४ | १४ | १७ | ३१ | २० | २४ | ४४ |
| २४ | विजयश्वरी मा. वि., लुङ्ग्री-४ | २०० | १६२ | ३६२ | २०३ | १६५ | ३६८ | २२१ | १८६ | ४०७ |
| २५ | गौरी शंकर मा. वि., लुङ्ग्री-४ | २८१ | ३१९ | ६०० | २७९ | ३०९ | ५८८ | २६७ | २८४ | ५५१ |
| २६ | वाल कल्याण प्रा. वि., लुङ्ग्री-४ | ४६ | ५४ | १०० | ५५ | ६५ | १२० | ५२ | ७७ | १२९ |
| २७ | वालज्योति प्रा. वि., लुङ्ग्री-४ | ५३ | ५३ | १०६ | ३९ | ४९ | ८८ | ३६ | ४० | ७६ |
| २८ | शहिदस्मृति प्रा. वि., लुङ्ग्री-४ | ३७ | ४८ | ८५ | ३९ | ४६ | ८५ | ३२ | ३५ | ६७ |
| २९ | बराहक्षेत्र मा. वि., लुङ्ग्री-५ | ४२१ | ३२४ | ७४५ | ४२१ | ३३१ | ७५२ | ३३३ | २६६ | ५९९ |
| ३० | जनता प्रा. वि., लुङ्ग्री-५ | ६४ | ७२ | १३६ | ६७ | ६८ | १३५ | ५२ | ५१ | १०३ |
| ३१ | ज्योति आ. वि., लुङ्ग्री-५ | १६७ | १४५ | ३१२ | १४३ | १३८ | २८१ | १५० | १३८ | २८८ |
| ३२ | शिशु कल्याण प्रा. वि., लुङ्ग्री-५ | ६९ | ७८ | १४७ | ६४ | ७० | १३४ | ६४ | ६१ | १२५ |
| ३३ | जनज्योति मा. वि., लुङ्ग्री-६ | ३८५ | ३०९ | ६९४ | ३४१ | ३०४ | ६४५ | २८३ | २४४ | ५२७ |
| ३४ | जनचेतना वालविकास आ. वि., लुङ्ग्री-६ | ० | ० | ० | ० | ० | ० | ११ | १३ | २४ |
| ३५ | ज्योति आ. वि., लुङ्ग्री-६ | १८३ | १८६ | ३६९ | १६९ | १६६ | ३३५ | १४३ | १४० | २८३ |
| ३६ | नमूना वाल प्रा. वि., लुङ्ग्री-६ | १५ | २० | ३५ | २८ | ३३ | ६१ | १६ | १२ | २८ |
| ३७ | नेपाल राष्ट्रिय मा. वि., लुङ्ग्री-६ | १८४ | १७० | ३५४ | १७५ | १७८ | ३५३ | १७७ | १८८ | ३६५ |
| ३८ | शिवशक्ति इङ्लिस बोर्डिङ, लुङ्ग्री-६ | ० | ० | ० | ६० | ९० | १५० | ६२ | ९८ | १६० |
| ३९ | नेपाल राष्ट्रिय मा. वि., लुङ्ग्री-७ | २०५ | २४५ | ४५० | २०७ | २३७ | ४४४ | २१६ | २३५ | ४५१ |
| ४० | फुलवारी आ. वि., लुङ्ग्री-७ | १०४ | १२५ | २२९ | १०१ | १२४ | २२५ | ८५ | १०३ | १८८ |
| ४१ | जलबराह वा.वि.के., लुङ्ग्री-७ | ० | ० | ० | ५ | ९ | १४ | ८ | १० | १८ |
| ४२ | ज्योति प्रा. वि., लुङ्ग्री-७ | १६ | १६ | ३२ | १२ | २१ | ३३ | १० | १४ | २४ |
| ४३ | लालज्योति आ. वि., लुङ्ग्री-७ | ९ | ७ | १६ | ० | ० | ० | ७ | ७ | १४ |
| | जम्मा | ५०४० | ४९३३ | ९९७३ | ४८९० | ४८७९ | ९७६९ | ४४९३ | ४४६९ | ८९६२ |

स्रोतः लुङ्ग्री गाउँपालिका शिक्षा शाखा रोल्पा

तालिका नं.-२ लुङ्ग्री गाउँपालिका अन्तर्गतका विद्यालय र प्रधानाध्यापकको विवरण

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | इमिस कोड | प्र. अ. को नाम | सम्पर्क नं. | संचालित कक्ष | प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय मा. वि., लुङ्ग्री-१ | ५३०३७०००१ | कुमार रोका | ९७४९७५५७०३ | माध्यमिक (१-१०) | सार्वजनिक | |
| २ | मा. वि., लुङ्ग्री-१ | ५३०३७०००३ | अशोक पुन मगर | ९८६८६८७५३२ | माध्यमिक (१-१०) | सार्वजनिक | |
| ३ | युवावर्ष मा. वि., लुङ्ग्री-१ | ५३०३७०००२ | राम बहादुर घर्ती मगर | ९८४७९७१२७० | माध्यमिक (१-१०) | सार्वजनिक | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | | | | | | |
| | | | प्रदेश | | | | | | | |
| | | | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा | | स्थानीय | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | प्रदेश | विज्ञान | | | | | | |
| | | | | प्रा.व्या. | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | **१५.०** | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | | | |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | |
| ४.१ | साक्षरता दर (५पाँच वर्ष भन्दा माथि) (%) | स्थानीय | ६९.० | ७० | ७८ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **५८.०** | | **९५.०** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ७० | ७५ | ८० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९२.०** | | **९९.०** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ पाँच वर्ष भन्दा माथि) | स्थानीय | १.२९ | १.१५ | १ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८०** | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०:१ | ४०:१ | ४०:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४७:१ | ४६:१ | ४५:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०.४८ | ४० | ४० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४२:१ | ४२:१ | ४२:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ८५:१ | ६०:१ | ५०:१ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ६.८३ | १० | १२ | १५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |

| क्र.सं | सूचक | सूचकको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

स्रोतः लुङ्ग्री गाउँपालिका शिक्षा शाखा रोल्पा

# परिच्छेदः ३ शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौँ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। नेपालको नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०६५, राष्ट्रिय शिक्षा नीति २०७६ तथा पन्ध्रौ योजनामा चार वर्ष उमेर पुगेका वालवालिकाहरुका लागि १ वर्षे प्रारम्भिक वालविकास शिक्षा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ।

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ। सञ्चालन, रेखदेख र व्यवस्थापन लगायतका कार्यहरू योजनामा समेटिएकाछन्।

### ३.१.२ वर्तमान अवस्था

लुङ्ग्री गाउँपालिकामा हाल जम्मा ४४ वटा वालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् जसमध्ये १७ वटा गाउँपालिकाको आन्तरिक स्रोतबाट संचालित वालविकास केन्द्रहरु र १ वटा संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्रारम्भिक कक्षाहरु रहेकाछन्। यी सबै शैक्षिक संस्थाहरुमा शैक्षिक वर्ष २०८१ मा भर्ना भएका बालबालिकाको जम्मा सङ्ख्या १३२५ रहेको छ जसमध्ये ६९४ जना बालक र ६३१ जना बालिका रहेका देखिन्छ। यस गाउँपालिकाको प्रारम्भिक वालविकास तथा शिक्षाको कुल भर्नादर ८४.० र खुद भर्नादर ६७.२ प्रतिशत रहेको छ। कक्षा १ मा प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभव सहितको भर्नादर ९७.३ प्रतिशत रहेको छ। प्रारम्भिक वालविकास तथा शिक्षाको लैङ्गिक समता सुचाङ्क ०.९० रहेको छ। यस पालिकामा २ वटा बालविकास केन्द्रमा पुरुष र अरू सबै बालविकास केन्द्रमा महिला सहजकर्ता रहेकाछन्। बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्तछन्। सबै सहजकर्ताहरू प्रारम्भिक बालविकास सम्बन्धी तालिम प्राप्तछन्। प्रारम्भिक वालविकास शिक्षामा कार्यरत शिक्षकहरु ४३ जना रहेका छन। अधिकांश बालविकास केन्द्रमा स्मार्ट टि.भी.को व्यवस्था गरिएको भएतापनि बिधुत लाईन र उपयुक्त छुटै कक्षाकोठाको अभावको प्रयोगमा समस्याले देखिएको छ। केहि विद्यालयका बालविकासका कोठाहरू छापामय रहेकाछन्। बालविकासका सबै बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ। प्राय सबै विद्यालयमा खाजा मेनु तयार गरी खाजा खुवाउने प्रबन्ध गरिएको छ।

वर्तमान अवस्थालाई विश्लेषण गर्दा बालविकास केन्द्र सञ्चालनका लागि छुटै भवन तथा कक्षाकोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ। भूगोल, जनसङ्ख्या, वस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने देखिन्छ। यसै गरी स्थापना भएका बालविकास केन्द्रको संस्थागत

बिकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना भएका बालविकास केन्द्रहरुको स्थापना लगायत क्षमता अभिबृद्धि गर्दै जानुपर्दछ । बालविकास केन्द्रमा समस्याको रूपमा बालविकास केन्द्रको सजावट र फर्निचरको व्यवस्था उपयुक्त किसिमको नहुनु, सिकाइ कुनाको व्यस्थापन राम्रो नहुनु, बालमैत्री कक्षाकोठा नहुनु, बालबालिकाको सञ्चित अभिलेख व्यवस्थित नहुनु, कक्षा १ र २ मा जस्तै पढाउने परिपाटी कायम रहनु, "खेल्दै सिक्दै" को सिद्धान्त अनुसारका खेल सामग्री तथा शैक्षिक सामग्री नुहुनु, बालविकास सहजकर्ताहरूमा उत्प्रेरणाको कमी रहनु, अनुगमन र सुपरीवेक्षणको प्रभावकारी व्यवस्थापन नहुनु आदि रहेकाछन् ।

## ३.१.३ उद्देश्य

यस योजनाले प्रारम्भिक वालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरु राखेको छः

१. चार वर्ष उमेरका सबै वालवालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक वालविकास सेवामा समतामूलक पहुँच बढाउनु ।
२. प्रारम्भिक वालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै वालवालिकाहरुलाई प्रारम्भिक वालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
४. बालबालिकाको स्वास्थ्य, पोषण, सुरक्षा र सरसफाइ स्थिति सुधारमा अभिभावकहरुलाई सहयोग र सचेत गराउने ।

## ३.१.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेछनः

१. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
२. प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, नीजि क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने ।
३. स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरीवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
४. भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।
५. बालविकास केन्द्रको पुर्नवितरण गरी आवश्यकता अनुसार केन्द्रको विस्तार गर्ने,
६. नमूना बालविकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार गरि लागू गर्ने ।
७. बालविकास केन्द्रका सहजकर्ताहरुका लागि वालमैत्री तथा मन्टेश्वरी तालिम कार्यक्रम सञ्चालन गर्न,
८. बालविकास केन्द्रको भर्ना दर बृद्धि गर्न सघन भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने,
९. वालविकास शिक्षकहरुका लागि प्रोत्साहन (Incentive) कार्यक्रमहरु सञ्चालन गर्ने,
१०. बालविकासकेन्द्रका लागी पाठ्यक्रममा आधारित रही स्थानीय शैक्षिक सामग्री निर्माणमा जोड दिने,
११. कक्षाकोठाको सिकाइ प्रभावकारी बनाउन सिकाइ कुना स्थापनाका गरी शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्ने ।

## ३.१.५ उपलब्धि, नतिजा  प्रमुख क्रियाकलाप

### उपलब्धि

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. प्रारम्भिक बालविकास तहको कुल भर्नादर १०० र लैङ्गिक समता सुचाङ्क १.० पुगेको हुनेछ ।
३. प्रारम्भिक बालविकास तहमा न्युनतम योग्यता पुगेका शिक्षक सत प्रतिशत पुगेको हुनेछ ।
४. कक्षा १ मा नवप्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालवालिका १०० प्रतिशत पुगेको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ८४.० | ८६ | ९० | ९३ | ९७ | १०० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | १८ | २४ | २६ | ३५ | ४० | ४३ |
| ३ | तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | ३६ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने सङ्ख्या | ९७.३ | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| ५ | नमुना बालविकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार भएको सङ्ख्या | ० | १ | २ | २ | १ | १ |

## ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ० | १ | १ | १ | १ | ४ | |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | ५ | ८ | ८ | ५ | ८ | ३४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास | जना | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | |
| ४ | विकासका साझेदार गैरसरकारी सङ्घसंस्था, नीजि क्षेत्र तथा समुदायलाई प्रारम्भिक वालविकास तथा शिक्षामा समन्वय, सहयोग सहकार्य तथा लगानी बढाउन प्रोत्साहन गरिनेछ। | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | प्रारम्भिक वालविकास समुहका वालवालिकाहरुको अभिलेखिकरण गरिनेछ। | आ.व. | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गरिनेछ र आवश्यकताको आधारमा सामाजिक परामर्शदाता वा संस्थाहरुसँग समन्वय गर्ने | आ.व. | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सबै प्रकारका प्रारम्भिक वालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा शैक्षिक सुचना व्यवस्थापन प्रणालीमा दर्ता गरिनेछ। | शै.व. | १ | १ | १ | १ | १ | ५ | |
| ८ | वालविकास केन्द्रहरुमा वर्तमान सुचना तथा प्रविधिका शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ। | केन्द्र | ० | ४ | २ | २ | १ | ९ | |
| ९ | बालबालिकाहरुको नियमित स्वास्थ्य जाँच | पटक /शै.व. | १ | १ | १ | १ | १ | ५ | |

# .२ आधारभूत शिक्षा

## ३.२.१ परिचय

शिक्षा ऐन २०२८ (संसोधनसहित) ले विद्यालय शिक्षाको पुर्नसंरचना गरेर दुई तहको बनाउदै प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह भनी परिभाषित गरेको छ। यसपूर्व भएको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर हाल व्यवस्था गरिएको आधारभूत तहको शिक्षाले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखी आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गरेको छ। सबैका लागि शिक्षा (२०००-२०१५), सहस्राब्दी विकास लक्ष्य, दिगो विकासको लक्ष्यहरू, इन्चोन घोषणा (२०१५- २०३०), संयुक्त राष्ट्र. सङ्घ, मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २६, शिक्षा सम्बन्धी ऐन २०७५ मा आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ भनी उल्लेख गरिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदान गर्ने सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुरा उल्लेख गरिएको छ। विशेषगरी प्रारम्भिक कक्षा ( कक्षा १ देखि ३) सम्मको बालबालिकाको पढाइ तथा सिकाइको दृष्टिकोणले अझै महत्वपुर्ण रहको छ। यस उमेरका बालवालिका पढ्नका लागि सिक्ने हो र बालबालिका भर्खर मात्र अक्षर चिन्न थालेका हुन्छन्। साथै माथिल्लो कक्षामा सिक्नका लागि पढ्ने हुने भएको हुदा प्रारम्भिक कक्षाका बालबालिका लागि अझै सिक्नका लागि अवसर सिर्जना गरिदिनु पर्दछ।

आधारभूत तहको शिक्षालाई मौलिक अधिकारको रुपमा संविधानमा स्थापित गरिएको छ। शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिवद्धताको कमि रहेको र गरिएका प्रतिवद्धताहरु पनि कार्यान्वयनमा आएको देखिदैन। एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कारवाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिइरहेको विद्यमान अवस्थामा व्यवहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, मौलिक रुपमा विज्ञान उपयोग गर्न सक्ने गुणस्तरीय आधारभूत शिक्षा लुङ्ग्री गाउँपालिकाको लागि आवश्यकता छ।

## ३.२.२ वर्तमान अवस्था

लुङ्ग्री गाउँपालिका भित्र हाल कक्षा १-३ सञ्चालित विद्यालयहरूको सङ्ख्या १२ (सामुदायिक) , कक्षा १-५ सञ्चालित विद्यालयहरूको सङ्ख्या ९ (सामुदायिक ८ र संस्थागत १), कक्षा १-८ सञ्चालित विद्यालयहरूको सङ्ख्या ४ (सामुदायिक) सञ्चालनमा रहेका छन्। यसरी अध्ययन गर्दा आधारभूत तह सञ्चालन भएका जम्मा विद्यालयहरूको सङ्ख्या २५ रहेको छ। लुङ्ग्री गाउँरपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा इन्टरनेटको पहुँच भएका विद्यालयको सङ्ख्या ३ रहेको बाँकी २२ विद्यालयमा इन्टरनेटको पहुँचमा नभएको देखिन्छ। यस तहमा जम्मा ६५९१ जना (३२४७ जना छात्रा र ३२८५ जना छात्र) विद्यार्थीहरू अध्ययनरतछन्। यसरी हेर्दा गाउँपालिकाको आधारभूत तह कक्षा १ देखि ८ को विद्यार्थीहरूको कुल भर्ना दर १३९३. र कक्षा १ देखि ८ को खुद भर्ना दर ९४७. पुगेको छ। यस्तै आधारभूत तह पूरा गर्ने दर ८३.२ र कक्षा ८ को टिकाउ दर ८४.६ रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका १.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेकाछन्।

यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरवन्दी सङ्ख्या ८४ र राहत १२ गरी ९६ जना कार्यरत रहेका छन्। आधारभूत तह (६-८) मा गणित, अग्रेजी र विज्ञान विषयको विषयगत शिक्षकको अभाव रहेकोले उक्त समस्या समाधान गर्नका लागि ९ वटा र प्राथमिक तह (१-५) मा ३१ वटा अनुदान दरबन्दी कार्यविधि निर्माण गरी वितरण गरिएको छ । साथै सङ्घीय शिक्षण सिकाइ अनुदान गणित, विज्ञान र अंग्रेजी शिक्षक माध्यमिक तहमा १२ वटा र आधारभूत तह कक्षा ६-८ सम्म ९ गरी २१ वटा वितरण गरिएको छ। वर्तमान अवस्थामा यस पालिकामा आधारभूत तह (१-५) तर्फ कक्षोन्नती दर ८७.७ , खुद भर्नादर ८५.३ प्रतिशत र कुल भर्नादर १५२.९ प्रतिशत रहेको छ।

यस पालिकाका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहोर्‍याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । राष्ट्रिय प्रारम्भिक पढाइ कार्यक्रमले कक्षा १ देखि ३ का विद्यार्थीहरुको पठन सीपमा सहयोग गरेको भएतापनि अन्य विषयहरु र अन्य सीपहरुमा त्यति जोड दिएको देखिदैन र सो कार्यक्रम कक्षा ४ र ५ मा पनि लागू हुनु आवश्यक देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता बृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाइ विधि सुधारका लागि सम्पूर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ ।

## ३.२.३ उद्देश्य

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन र लेखन सिप अभिबृद्धि गर्ने,
३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्ने,
४. सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्ने,
५. आधारभूत तहका विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
६. सबै बालबालिका हरुलाई जीविकोपार्जनको लागि आधारभूत सिपको विकास गर्ने,
७. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै पालिका परिवेश सुहाउँदो नागरिक उत्पादन गर्ने,

## ३.२.४ रणनीतिहरू

१. विद्यालयहरूमा प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी सबै बालबालिकाका लागि सिकाइमैत्री वातावरणको विकास गर्ने,
२. कक्षा १-३ सम्मका बालबालिकाको पढाइलेखाइ सीपको विकास गर्न विभिन्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,
३. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
४. सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरबन्दीको पुर्नवितरण गरी अपुग रहेका विद्यालयहरुमा विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गर्ने र सो कार्य पूरा नहुन्जेल सम्मका लागि गाउँपालिकाले दक्ष, सक्षम, योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा अनुदान शिक्षक छनोट तथा परिचालन गर्ने,
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखिकरण गर्ने ,

६. विद्यालयमा सरसफाइ, दिवा खाजा भण्डारण तथा तयारी लगायतका कार्यक्रमहरु अनुगमन गरी उत्कृष्टलाई पुरस्कार तथा कमजोरलाई सुधार गर्न प्रेरित गर्ने,

७. आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मुल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने ।

८. शिक्षकहरुलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

९. आधारभूत शिक्षाको गुणस्तर कायम गर्नको लागि प्रत्येक शिक्षकले पाठ्यक्रमका आधारमा वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्ने र प्रधानाध्यापकले सो को समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।

१०. गाउँपालिकाभित्रका सबै विद्यालयका शिक्षकहरुको पेशागत विकासका लगि तालिम सञ्चालन गर्न र समय समयमा कक्षा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्न गाउँ शिक्षा शाखा प्रमुखको संयोजनकत्वमा एउटा समिति गठन गर्ने ,

११. गाउँपालिकाभित्रका ५-१२ वर्ष उमेर समूहका बालबालिकाका आमाबाबु वा अभिभावकहरुलाई आधारभूत शिक्षाको महत्व र अभिभावकको भूमिका र कर्तव्य विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ,

१२. गाउँपालिका भित्र बसोबास गर्ने सबै नागरिकका लागि आधारभूत तहको शिक्षा अनिवार्य गर्ने । यसका लागि विद्यालय उमेर समूहका बालबालिकाहरुका अभिभावकका लागि आवश्यकता अनुसार सचेतना कार्यक्रम र विभिन्न किसिमका सहयोगका कार्यक्रम सञ्चालन गर्ने र अटेर गर्नेलाई दण्ड सजायको व्यवस्था समेत गर्ने ,

१३. गाउँको शिक्षा नीति, ऐन कानुन, शिक्षा योजना र शैक्षिक पात्रो अनुसार विद्यालयहरु सञ्चालन भए नभएको निरीक्षण अनुगमन गर्न र गाउँपालिकाको विद्यालय शिक्षाको गुणस्तर मापन गरी प्रत्येक वर्ष गाउँपालिकामा प्रतिवेदन पेश गर्ने गरी एउटा शैक्षिक गुणस्तर परीक्षण समिति बनाउने ।

१४. विद्यालय शिक्षालाई वैज्ञानिक, व्यवहारिक, सीपयुक्त र उत्पादनमुखी बनाउनुका साथै सिकाइ अनुभवलाई अर्थपूर्ण र रमाइलो बनाउनका लागि वर्तमान पाठ्यक्रममा रहेका विषयवस्तुलाई विद्यार्थीको अनुभव र स्थानीय वातावरणसँग मेल गराउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५. विद्यालयको स्रोत, भौतिक पूर्वाधार र अन्य स्रोत साधनको ख्याल नगरी कक्षा थप र नयाँ अनुमति माग गर्ने विद्यालयहरूलाई अनुमति वा स्वीकृति नदिने नीति लागू गर्ने ।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा यस तहको उमेर समूहका सबै बालबिलकाको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको (१-८) कुल भर्ना दर | १३९.३ | १३९.३ | १३५ | १२८ | १२० | ११० |
| २ | आधारभूत शिक्षाको (१-८) खुद भर्ना दर | ९४.७ | ९४.७ | ९५ | ९६ | ९७ | ९८ |
| ३ | शिक्षकको पेशागत क्षमता विकास तालिम प्राप्त शिक्षकको सङ्ख्या | १२० | १२० | ५ | १० | १२ | १५ |
| ४ | विद्यालयहरु सञ्चार सूचना र प्रविधिको उपलब्धता र उपयोगको हिसावले सम्पन्न विद्यालयको सङ्ख्या। | ७ | ७ | ३ | ४ | ३ | ४ |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १० | १० | २ | २ | २ | २ |
| ६ | कक्षा ८ सम्मको टिकाउ दर | ८४.६ | ८४.६ | ८५ | ८७ | ९० | ९५ |
| ७ | लैगिक समता सूचक (कक्षा १-८) | ०.९९ | ०.९९ | १ | १ | १ | १ |

### ३.२.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | १ | | २ | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्नाको लागि भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | दिन | १८० | १८० | १८० | १८० | १८० | १८० | |
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा बृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | सङ्ख्या | ७ | ३ | ४ | ३ | ४ | २१ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (वहु भाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालवालिकालाई भरपुर पढाइको अवसर प्रदान, | सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ | |
| १० | उत्कृष्ट शिक्षक,विद्यार्थी सम्मान तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |

# ३.३ माध्यमिक शिक्षा

## ३.३.१ परिचय

शिक्षा ऐन २०२८ (संसोधनसहित) ले विद्यालय शिक्षाको पुर्नसंरचना गरेर कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी परिभाषित गरेको छ। त्यस्तै नेपालको संविधानले मौलिक हक अन्तर्गत माध्यमिक तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ। श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रीय पाठ्यक्रम प्रारूप २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. स. २०७७ वाट प्रारम्भ भएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिबृद्धि गर्ने रणनीति लिएको छ।

## ३.३.२ वर्तमान अवस्था

माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ। माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ६६.५% र ५४.४% पुगेको छ। कक्षा ९-१२ मा लैङ्गिक समता सूचक १.२७ पुगेको छ। सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा कुल ८७० र कक्षा ११-१२ मा १४३ विद्यार्थीहरु अध्ययनरतछन्। समग्रमा कक्षा ९ देखि १० मा छात्राहरू ५५.६३% रहेकछन्।

विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ। विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना सम्म क्षमता विकासले प्राथमिकता पाएको छ। कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रध्यानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम न्युन रुपमा भएकाछन्।

सङ्घीयता संरचना अनुसार तीन ओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। शिक्षा विकाससँग सम्बन्धित संरचनाहरू पनि सोहि अनुसार बन्ने क्रममाछन्। शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ। शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तरगत तालिम केन्द्रहरूछन्। शिक्षकका केही पेसागत सङ्गठन तथा विभिन्न गैरसरकारी संघ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू गर्दै आएकाछन्।

## ३.४.३ उद्देश्यहरु

यस योजनाको माध्यमिक शिक्षा कार्यक्रमको समग्र उद्देश्य माध्यमिक शिक्षामा सवैको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई लुङ्ग्री गाउँपालिकाका साथै लुम्बिनी प्रदेश र समग्र देशको निम्ति मध्यमस्तर र उच्च शिक्षाका निम्ति अब्वल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ। यस योजनाले निर्दिष्ट गरेका अन्य विशिष्ट उद्देश्य देहाय बमोजिमछन् :

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने।

२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउने।

३. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा प
व्यावसायिक शिक्षा बिचको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्ने।

४. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउने।

५. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने।

६. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने।

७. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

८. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै माध्यमिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्ने।

९. प्रत्येक व्यक्तिमा निहित कला तथा प्रतिभा प्रस्तुत गर्न सहयोग गर्ने।

१०. समाजको आधुनिकिकरणमा सहयोग गर्न नैतिकवान र चरित्रवान नागरिक तयार गर्ने।

११. प्राकृतिक प्रकोप, दैवि प्रकोपहरु प्रति चेतनामूलक नागरिक उत्पादन गर्ने।

१२. स्थानीय कला, संस्कृतिहरुलाई संरक्षण तथा पुस्ताहस्तान्तरण गर्ने नागरिक उत्पादन गर्ने।

## ३.४.४ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सङघीय मापदण्डअनुसार स्थानीय तहले प्रदेश सरकारसँग आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथा स्थापना गरिनेछ।

२. नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिनेछ।

३. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिनेछ।

४. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप २०७६ को कार्यान्वयन गर्ने क्रममा विद्यार्थी, स्थानीय तह र विद्यालयहरुको आवश्यकतामा आधारित गरी विद्यार्थीलाई कमाउदै पढ्दै गर्ने वातावरणको समेत सिर्जना हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिनेछ।

५. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमणदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गरिनेछ।

७. आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच अभिबृद्धि गरिनेछ।

८. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ।

९. शिक्षक निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ।

१०. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।

११. प्रदेश सरकारको सहजीकरण र समन्वयमा स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१२. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिनेछ।

१३. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ।

१४. माध्यमिक शिक्षामा मानव मुल्यमा आधारित शिक्षाको विस्तार गर्न प्रोत्साहन गरिनेछ।

१५. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्र.अ. लाई उत्तरदायी बनाइनेछ।

१६. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।

१७. सङघीय सरकारले शिक्षकको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी निर्धारण गरिएको शिक्षक दरवन्दीको आवश्यकताअनुसार पुनर्वितरण, समायोजन तथा थप गर्नका लागि स्थानीय तहसँग सहकार्य र सहलगानी गरिनेछ ।

१८. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धितमा सुधार गरिनेछ ।

१९. शिक्षक होइन कि अनुदान देउ हामी चाहेको गुणस्तर दिन सक्छौं भन्ने स्थानीय तहका केही विद्यालयहरुलाई शिक्षकको सट्टा अनुदान उपलब्ध गराइ नमूनाका रुपमा सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### उपलब्धिः

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै आधारभूत मापदण्ड पूरा गरेको माध्यमिक विद्यालय सङ्ख्या | ५ | ५ | ७ | ९ | ११ | १३ |
| २ | माध्यमिक तह कक्षा ९-१० कुल भर्ना दर | ८८.९ | ८८.९ | ९०.५ | ९२ | ९३ | ९४ |
| | माध्यमिक तह कक्षा ९-१० खुद भर्ना दर | ७८.३ | ७८.३ | ८० | ८३ | ८५ | ८८ |
| ३ | माध्यमिक तह कक्षा ११-१२ कुल भर्ना दर | ४६.९ | ४६.९ | ४७ | ५० | ५२ | ५५ |
| | माध्यमिक तह कक्षा ११-१२ खुद भर्ना दर | ५४.४ | ५४.४ | ५५ | ५७ | ६० | ६२ |
| ४ | अपाङ्गमैत्री भौतिक संरचनाको निर्माण भएका विद्यालय | २ | २ | ३ | ४ | ५ | ६ |
| ५ | सूचना तथा सञ्चार प्रविधिको उपयोग तथा पहुँच पुगेको विद्यालयको सङ्ख्या | ९ | ९ | १० | ११ | १२ | १३ |
| | कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, लाइवेरीको स्थापना तथा प्रयोग भएको विद्यालय सङ्ख्या | ८ | ८ | ९ | १० | ११ | १२ |
| ८ | सिकाइ सामग्रीको प्रयाप्तता भएको विद्यालय सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| १२ | विशेष छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | ८९ | ८९ | ९५ | १०० | १०५ | ११० |

## ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी, | पटक | | १ | | | | १ | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन, | आ. व. | | १ | | १ | | २ | |
| ३ | विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर | स ङ्ख्या | ० | ५ | ५ | ५ | ५ | २० | |
| ४ | मापदण्डअनुसार शिक्षक व्यवस्था, | निरन्तर | √ | √ | √ | √ | √ | | |
| ५ | सबै बालबालिकाको माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास, | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शिक्षक पेशागत क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन, | निरन्तर | √ | √ | √ | √ | √ | | |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | अभिभावक अभिमुखीकरण र सहभागिता, | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | विभिन्न सार्वजनिक कार्यक्रमहरुको आयोजना गरी विद्यार्थीहरुलाई कला,प्रतिभा प्रस्तुतीको वातावरण सिर्जना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | पढाई/ शैक्षिक मेला सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | समाजमा आइ पर्ने विभिन्न जोखिम तथा सङ्कटहरुमा सहभागी गराइ स्वयमसेवकको भूमिकामा विद्यार्थीलाई सहभागी गराउने | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | सबै विद्यालयमा नियमित | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ। त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरु स्थापना गरिनेछ भनी उक्त नीतिमा उल्लेख गरिएको छ। उच्च दक्षता र सिपयुक्त जनशक्ति उत्पादन गर्नु नै शिक्षाको मूल अभिप्राय रही आएको छ। गरीखाने शिक्षा, आजको आवश्यकता भन्ने उक्तिलाई साकार पार्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एक उच्च प्राथमिकता प्राप्त उपक्षेत्र सावित भएको छ। विकासलाई निकासा दिन प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। प्राविधिक शिक्षा विनाको शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन्। हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ। लुङ्ग्री गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत र साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । श्रमलाई सिप, सिपलाई रोजगार रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गरेर सबल सुदृढ तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु आजको अपरिहार्य आवश्यकता

हो। राज्यलाई शैक्षिक बेरोजगारको भीड थेग्न स्वदेशमा नै उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै उद्यमशिलता, व्यवसायिकता र रोजगारीको अवसर बृद्धि गर्दै जानु आवश्यक छ ।

नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकाल देखि नै हुँदै आएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेकाछन् । नेपाल सरकारको एक स्थानीय तह कम्तिमा एक प्राविधिक विद्यालय नीति समेत रहेको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् रोजगारीका अवसरहरू सिर्जना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

## ३.४.२ वर्तमान अवस्था

लुङ्ग्री  गाउँपालिकालाई यसको भौगोलिक बनोट तथा हावापानी अनुसार कृषि तथा पशु पालनका लागि उपयुक्त क्षेत्रमा मानिन्छ । विगतदेखि नै यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षाहरू बिचबाट यस क्षेत्रको वडा नं .२ अन्तर्गत पर्ने श्री गोकुल माध्यमिक विद्यालयमा बालीविज्ञान अन्तर्गत प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने समुदाय र विद्यालय व्यवस्थापन समितिको निर्णय र लुङ्ग्री गाउँपालिकाको अनुमतिमा २०७९ वैशाख  देखि यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय स्थापना भएको छ । हाल यस विद्यालयबाट पहिलो पटक एसइइमा विद्यार्थी सहभागी भई कक्षा ११ को पठनपाठनको तयारी भइरहेको छ । यस विद्यालयमा कक्षा १० मा ४०  र कक्षा ९ मा २० जना गरी ६० जना विद्यार्थी प्राविधिक तथा व्यावसायिक धारमा अध्ययनरतछन् । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्वी हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको अपनत्व विकास हुन जरुरी  छ। प्राविधिक तथा व्यावसायिक धारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधार पर्याप्त नहुनु, प्राविधिक धारका विषयहरू अध्यापनका लागि दक्ष जनशक्ति शिक्षक/प्रशिक्षकको न्यून उपलब्धता, आवश्यक वित्तीय स्रोतको कमी, प्राविधिक तथा व्यावसायिक विषयहरूको विविधीकरण हुन नसक्नु, विद्यार्थी सिकाइ उपलब्धि न्यून, शिक्षण प्रविधिमैत्री हुन नसक्नु, प्राविधिक शिक्षामा आर्थिक सामाजिक रुपले पछि परेका वर्ग समुदायको पँहुच सहज हुन नसक्नु मुख्य समस्याका रुपमा रहेका छन । साथै व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी बृद्धि, राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको मागलाई पूर्ति गर्न सक्ने जनशक्तिको उत्पादन, विपद् उत्थानशील एवम् प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गर्नु जस्ता चुनौतीहरु रहेको छन्। प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आज अभिभावक तथा विद्यार्थीहरूको बढ्दो आकर्षण, प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि स्थानीय सरकारको लगानी बढ्दो क्रममा हुनु, कृषि विज्ञान विषय सञ्चालन प्रति सरोकारवालाहरूको चासो बढ्दै जानु, सङ्घ तथा प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु, कृषि, पशु र फलफूल उत्पादनको हिसाबले रोल्पाकै सम्भावना बोकेको ठाँउको रुपमा रहनु जस्ता अवसर रहेकाछन् ।

### ३.४.३ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच विस्तार गर्नु,

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुधार गर्नु,

३. स्वरोजगारीको अवसर अभिबृद्धि गर्नु ।

### ३.४.४ रणनीति

१. गाउँपालिकामा  प्राविधिक धारका विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गरिनेछ ।

२. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाइनेछ ।

३. प्राविधिक धारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक नियुक्ति गर्ने पद्धतिलाई प्रतिस्पर्धी बनाई योग्य, दक्ष र क्षमतावान व्यक्ति नियुक्ति हुने अवस्थाको सुनिश्चित गरिनेछ ।

४. प्राविधिकधारको शिक्षामा अध्यापन गर्ने शिक्षक/ प्रशिक्षक तथा अन्य प्राविधिक जनशक्तिको निरन्तर पेसागत क्षमता विकासमा विशेष जोड दिइनेछ ।

५. प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालित विद्यालयमा ICT ल्याव, पुस्तकालय एवम् प्रयोगशालाको उचित प्रबन्ध मिलाइनेछ ।

६. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई गाउँपालिकाभित्रै रोजगारीको अवसर प्रदान गरिनेछ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षाका उत्पादनलाई स्वरोजगार तथा रोजगारको अवसरका लागि सहजीकरण गरी श्रम बजारसँग आबद्ध गरिनेछ ।

८. प्राविधिकधारका विद्यालयहरूको पूर्वाधार विकासका लागि आवश्यक स्रोत व्यवस्थापनका लागि सङ्घ, प्रदेश, गैरसरकारी सङ्घ/ संस्था एवम् निजी क्षेत्रहरूसँग समन्वय, सहकार्य तथा लागत साझेदारीको सिद्धान्त अवलम्बन गरिने छ ।

९. प्राविधिकधार सञ्चालन गर्न चाहने माध्यमिक विद्यालय तथा शिक्षालयहरूलाई प्रोत्साहित गरिने छ ।

१०. प्राविधिकधारका विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूलाई आवसीय सुविधा, अति गरिब, विपन्न, दलित, अपाङ्गता भएका र अतिसीमान्तकृत समुदायका बालबालिकाका लागि छात्रवृत्ति लगायतको व्यवस्थाद्वारा प्रोत्साहित गरिने छ।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

उपलब्धि :

१. उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन भएको सङ्ख्या | १ | १ | ० | २ | ० | ० |
| २ | प्राबिधिक धारमा भर्ना भएका विद्यार्थी सङ्ख्या | ६० | ६० | ७० | ७५ | ८० | ९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिएका विद्यार्थीहरूको सङ्ख्या | ० | ० | ० | १५ | २० | २५ |

### ३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन, | शै.स. | १ | ० | १ | | ० | २ | |
| २ | शिक्षक/ प्रशिक्षकहरूको व्यवस्थापन, | शै.स. | ४ | ६ | ८ | ० | ० | ८ | |
| ३ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम, | शै.स. | ० | ६ | ७ | ८ | ९ | ३० | |
| ४ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा, | निरन्तर | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | |
| ५ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम, | निरन्तर | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | | |
| ६ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | निरन्तर | ० | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | | |
| ८ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | |
| ९ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | शै.स. | ० | १ | १ | २ | २ | ६ | |

# ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरीकलाई राज्यबाट आधारभूततहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ।औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुग्राउन र संसारसँग आवद्य गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षा। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवयपर्यन्त शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य ४ तथा आवधिक

योजनाले अपेक्षा गरेको प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। वि.सं. २०८५ बैशाख १ गते देखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीयतहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेशसरका र स्थानीयतहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्ने नपाउने व्यवस्था भए सँगै निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ।

## ३.५.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क २०७६ अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता १५-२४ वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता १५ वर्षभन्दा माथिको वर्षको ५८ प्रतिशत रहेकोछ। हाल लुङ्ग्री गाउँपालिकाको ५ वर्षमाथिको साक्षरता दर ६९ प्रतिशत, १५ देखि २४ वर्षको साक्षरता दर ९४.०४ प्रतिशत र १५ वर्ष माथिको साक्षरता दर ५४.५४ प्रतिशत रहेको छ। त्यसैगरी विगतमा निरक्षरहरुलाई साक्षर बनाउन उल्लेखनीय भूमिका खेल्ने सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या ३ रहेको छ भने आधारभूत तह पूरा नगरी विद्यालय छोड्ने दर २२ प्रतिशत रहेको छ। यस स्थानीय तहका विद्यालयहरुमा विद्यालयको पुस्तकालय भएता पनि सबैको पहुँच पुग्ने गरी पुस्तकालयको व्यवस्थापन भएको देखिदैन। स्थानीय तहमा रहेको शिक्षा शाखाको कार्यविवरणमा अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी विषय समावेश भए पनि यस विषयले खासै प्राथमिकता पाएको देखिदैन। यसरी हेर्दा शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न व्यक्तिगत रुपमा नत संस्थागत रुपमा र प्रणालीगत रूपमानै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। तथापी गाउँपालिकाले शिक्षा योजनामा अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई प्राथमिकतामा राखी कार्यन्वयन गर्न सकेको खण्डमा शिक्षाको पहुँचमा नरहेका नागरिकहरुले शिक्षाको महसुस गर्ने र आजीवन सिकाइको उपयोग गरी जीविकोपार्जनमा सहज हुने देखिन्छ।

## ३.५.३ उद्देश्यहरू

यस योजनाले अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धि निम्नलिखित उद्देश्यहरु राखेको छः

१. विभिन्न कारणले शिक्षाको पहुँचमा नरहेका नागरिकलाई वैकल्पिक कक्षा मार्फत सिकाइ प्रदान गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु,
२. सामुदायिक सिकाइकेन्द्रको क्षमता अभिबृद्धि गरी शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरी विद्यालयतहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु,
३. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी समतामा आधारित व्यक्तिका दैनिक जीवन सँग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु,

## ३.५.४ रणनीति

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन् :

१. विभिन्न कारणले शिक्षाको पहुँच भन्दा टाढा रहेका निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गरिनेछ।
२. गाउँपालिकाले प्रचलित ऐन कानुनमा आधारित भएर सामुदायिक सिकाइ केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गरिनेछ।

३. सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम तथा अभिभावक परिचालन गरि साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गरिनेछ ।
४. शैक्षिक सूचना केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिबृद्धि गरिनेछ ।
५. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना गरि सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
६. अनौपचारिक शिक्षा र जिवनपर्यन्त शिक्षा सञ्चालन गर्ने संघसंस्था बीच समन्वय समूह बनाई परिचालन गरिनेछ।
७. निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम आयोजना गरिनेछ।
८. सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
९. बिचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गरिनेछ ।
१०.समावेशी तथा समातामा आधारित नागरिक तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जिवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्‍याइनेछ ।
११.शैक्षिक सूचना केन्द्रबाट सञ्चालित विभिन्न सिपमूलक कार्यक्रममा सहभागी भएका व्यक्तिहरुलाई राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिमको प्रमाणपत्रको व्यवस्थापन गर्नेरिनेछ ।

## ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि :**

सबै नागरिकका लागि साक्षरता. निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन् ।

**नतिजा तथा परिणात्मक लक्ष्य :**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | १५ वर्ष भन्दा माथिको जम्मा साक्षरता दर (प्रतिशत ) | ५४.५४ | ५४.५४ | ६० | ६५ | ६८ | ७२ |
| ४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | १ | १ | ० | १ |
| ५ | सामदुायिक पुस्तकालयहरुको सङ्ख्या | ० | ० | | १ | | |
| ७ | अनौपचारिक शिक्षाबाट लाभान्भित नागरिकहरुको सङ्ख्या | ० | ० | ९० | १०० | १५० | २०० |

## ३.८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८१ | २० ८२ | २० ८३ | २० ८४ | २० ८५ | जम्मा | |
| १ | सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकताका आधारमा पुनर्संरचना तथा पूनर्वितरण गर्ने | पटक | | १ | | | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | सबै सामुदायिक केन्द्रहरुको सञ्चालनका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधारको विकास तथा सुदृढीकरण गर्ने | सङ्ख्या | | १ | | १ | १ | ३ | |
| ३ | सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरु को क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | गाउँपालिका अन्तर्गतका निरक्षरहरूको तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कगत विवरण तयार पार्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | निरक्षर व्यक्तिहरुका लागि साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | साक्षरता र साक्षरोत्तर शिक्षाका लागि सामुदायिक सिकाइ केन्द्रहरुलाई परिचालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालयको व्यवस्था गरी समुदायका व्यक्तिहरुको पहुँचमा पुऱ्याउने | सङ्ख्या | १ | | १ | | १ | ३ | |
| ८ | सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न समूह गठन गरी तिनीहरुलाई | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आयआर्जनमूलक क्रार्यक्रमहरुमा सहभागी गराउने | | | | | | | | |
| ९ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य गर्दै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमहरु सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत साक्षरता शिक्षा एव जनचेतनामूलक कार्यक्रहरु सञ्चालन गर्ने | निरन्तर | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | |
| ११ | अनौपचारिक शिक्षा, खुला सिकाइ र निरन्तर सिकाइका लागि संस्थागत प्रबन्धको व्यवस्था गर्ने | सङ्ख्या | | | | | १ | १ | |

# परिच्छेदः ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि. सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी वि. सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो। नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएको छ। राष्ट्रियशिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो। पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ। त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ।

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो। शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो। पाठ्यक्रम अन्तर्गत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने, कुन कुन विषयवस्तु पढाउने ? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन्। के कसरी मूल्याङ्कन गर्ने ? पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो।

## ४.१.२ वर्तमान अवस्था

यस लुङ्ग्री गाउँपालिकामा हाल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भएको तर त्यसको पाठ्यसामग्री तथा पाठ्यपुस्तकको विकास भएको छैन। पाठ्यक्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ। विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १३ मा अन्तर-सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ। सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ।

## ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखिएको छ :

१. स्थानीय तहको कला संस्कृतिलाई जगेर्ना गर्ने खालका विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्नु।

२. स्थानीय पाठ्यक्रममा आधारित भएको पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको विकास गर्नु।

३. शिक्षण सिकाइमा रुपान्तरण गर्न विभिन्न पाठ्यसामग्री र सिकाइ सामग्रीको विकास र कार्यान्वयन गर्नु।

४. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन अनुरुप विकास गर्नु।

६. पाठ्यक्रम कार्यान्यिन तथा विकासका लागि पेशागत क्षमता निर्माण गर्नु।

## ४.१.४ रणनीति

पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ।

१. स्थानीय आवस्यकतामा स्थानीय पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण र कार्यान्वयन गरिनेछ।

२. पाठ्यक्रम कार्यान्वयन तथा विकास समूहको पेशागत क्षमता विकास गरिनेछ।

३. पाठ्यक्रममा समाविष्ट विषयवस्तु तथा शैक्षणिक कौशलमा पुनर्संरचना गरिनेछ।

४. राष्ट्रिय तथा प्रदेशको पाठ्यक्रमसँग सम्बन्धितरही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रमी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा शैक्षणिक सामाग्रीहरुको निर्माण गरिनेछ।

५. सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्क्रमको कार्यान्वयन गरिनेछ।

६. विज्ञान, प्रविधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा (स्टेम, STEM शिक्षा) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गरिनेछ।

## ४.१.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलाप

**उपलब्धि**

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण भएको हुनेछ।

२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण र क्षमता अभिबृद्धी भएको हुनेछ।

३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्रीहरको विकास भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| २ | सिकाइ क्षति आपुरण कार्यक्रम सञ्चालन भएका विद्यालय सङ्ख्या | ० | १७ | ३७ | ३७ | ३७ | ३७ |
| ३ | एकिकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | ७४ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ४ | स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्य सन्दर्भ स्रोत सामग्री विकास | ० | ० | १ | ० | ० | |
| ६ | स्थानीय पाठ्यक्रमको परिमार्जन | ० | ० | ० | ० | १ | |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | स्थानीय पाठ्यक्रमसँग सम्बन्धित पाठ्य सन्दर्भ स्रोत सामग्री निमार्ण सम्बन्धि कार्यशाला सञ्चालन | पटक | १ | ० | ० | १ | ० | २ | |
| २ | स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन सम्बन्धी शिक्षक तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | | | | | | | | |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| ८ | तहगत रुपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी त्यसको सफल कार्यान्वयन गर्ने | पटक | ० | ० | ० | ० | १ | १ | |
| १२ | पाठ्यक्रम व्यवस्थापन पद्धतिको सबलीकरण र पाठ्यक्रमको प्रबोधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | पाठ्यक्रम कार्यन्वयन अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सबलीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण तथा विकास गर्दा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित **(STEAM)** लाई विषय र विषयवस्तुको रूपमा समावेश गर्दै पाठ्यक्रम,पाठ्यपुस्तक र पाठ्यसामग्रीलाई डिजिटलाइजेशन गर्ने | पटक | ० | ० | ० | ० | १ | १ | |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ परिचय

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौँ योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा  उत्कृष्ट सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ। नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये  लक्ष्य "सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ।  शिक्षकको योग्यता क्षमता, दक्षताको सिकाइमा प्रभाव पर्छ। नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्दै आएकाछन्। शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएकाछन्। शिक्षक को पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम, TPD तालिम

जस्ता थुप्रै तालिमहरु आमने सामने तथा इन्टरनेटबाट सञ्चालन हुदै आएकाछन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ ।

## ४.२.२ वर्तमान अवस्था

यस लुङ्ग्री गाउँपालिकामा जम्मा २६ वटा वालविकास केन्दरहरु र ३४ वटा समुदायिक विद्यालयहरु सञ्चालनमा रहेकाछन् । एउटा संस्थागत विद्यालय (कक्षा १-५ सञ्चालित) तथा १७ वटा गा. पा. बाट संचालित वालविकास केन्द्रहरु रहेकाछन् । यी विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| तह | शिक्षक सङ्ख्या | | | कर्मचारी सङ्ख्या | | | कार्यलय सहयोगी सङ्ख्या | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | गा.पा. | सामुदायिक | संस्थागत | गा.पा. | सामुदायिक | संस्थागत | गा.पा. | |
| वालविकास केन्द्र | २६ | १ | १७ | ० | ० | ० | ० | ० | ० | |
| आधारभूत तह (१-५) | ७९ | ५ | ३१ | ० | ० | ० | ३२ | ० | ० | ० |
| आधारभूत तह (६-८) | १७ | ० | ९ | ० | ० | ० | | | | ० |
| माध्यमिक (९-१०) | १० | ० | ७ | ९ | ० | ० | | | | ० |
| माध्यमिक (११-१२) | २ | ० | ० | | | | | | | ० |

## ४.२.३. उद्देश्य:

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरु राखेको छः

१. सबै तहमा शिक्षकहरुको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु

२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।

**४.२.४ रणनीतिहरु**:

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन् ।

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने । (उद्देश्य १)
२. प्रारम्भिक बाल विकास तथा कक्षा १-३ का लागि कक्षा १२ उतीर्ण, कक्षा ४-८ का लागि स्नातक उतीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर तह उतीर्ण शिक्षक योग्यता सुनिश्चितता गर्ने । (उद्देश्य १)
३. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सूचीमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई गरेको सिफारिश भएका लाई पहिलो प्राथमिकता दिने । (उद्देश्य १)
४. स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तयार पार्ने । (उद्देश्य २)
५. विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षक द्वारा पेशागत सहयोग पद्धतिको विकास गर्ने । (उद्देश्य २)

१. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने। (उद्देश्य २)

२. शिक्षक नियुक्ति सरुवा, तालिम र पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने। (उद्देश्य २)

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य:

### उपलब्धि

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रमा कार्यरत तालिम प्राप्त सहयोगी कार्यकर्ताको सङ्ख्या | २६ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ३ | आधारभूत तथा माध्यमिक तहमा कार्यरत पेशागत तालिम प्राप्त शिक्षक प्रतिशत | ५० | ५० | ६० | ७० | ७५ | ८० |
| ४ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | २५ | २५ | ३० | ४० | ५० | ६० |
| ६ | मापदण्ड अनुसार शिक्षक दरबन्दी व्यवस्थापन भएको विद्यालय सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| | आधाभूत तह (१-५) मा शिक्षक विद्यार्थी अनुपात | १:४० | १:४० | १:४० | १:४० | १:४० | १:४० |
| ७ | आधाभूत तह (६-८) मा शिक्षक विद्यार्थी अनुपात | १:४७ | १:४७ | १:४६ | १:४५ | १:४५ | १:४५ |
| ८ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात | १:४२ | १:४२ | १:४२ | १:४२ | १:४२ | १:४२ |
| ९ | माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात | १:८५ | १:८५ | १:७५ | १:६० | १:५० | १:५० |

**४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८१ | २० ८२ | २० ८३ | २० ८४ | २० ८५ | ज म्मा | |
| १ | स्थानीय स्रोत शिक्षक नियुक्ति, सेवा सुविधा सम्बन्धी निर्देशिका तयार गर्ने | पटक | ० | ० | १ | ० | ० | १ | |
| २ | विद्यार्थी सङ्ख्या र विषयको आधारमा दरबन्दी कायम र पुनर्वितरण गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिबृद्धि गर्ने | निरन्तर | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षकको क्षमता विकास तथा शिक्षण प्रति उत्पेरणा जगाउनका लागि आवश्यक तालिमको प्रबन्ध गर्ने | निरन्तर | ० | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | |
| ५ | उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई पुरस्कृत तथा सम्मान गर्ने | निरन्तर | ० | १ | १ | १ | १ | ४ | |
| ६ | प्रत्येक विद्यालयमा पर्याप्त शैक्षणिक सामग्रीको व्यवस्थापन गर्ने | निरन्तर | ० | १ | १ | १ | १ | ४ | |
| ७ | कक्षा ५ र ८ को प्रमुख विषयको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विषयगत तथा शिक्षणमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षण तालिम सञ्चालन गर्ने | निरन्तर | ० | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | मागमा आधारित | |
| ९ | का. स. मु. गर्ने गरी विषयविज्ञबाट शिक्षकको कक्षावलोकन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यालयमा शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने | निरन्तर | नियमित अनुगमन | नियमित अनुगमन | नियमित अनुगमन | नियमित अनुगमन | नियमित अनुगमन | नियमित अनुगमन | |
| ११ | विषय विज्ञ शिक्षक सेवा निवृत्त शिक्षकको सञ्जाल तयार गरी अनुगमन नियमन तथा पृष्ठपोषण पद्धतिलाई मजबुत बनाउने | निरन्तर | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

# ४.३ शैक्षिक समता र समावेशीकरण

## ४.३.१ परिचय

शिक्षा मानव जीवनको सार्थकता प्रदान गर्ने महत्त्वपूर्ण अवयव हो । प्राचीन युगमा मानिसहरूले देखेर अनि प्रत्यक्ष भोगेका व्यवहारबाट शिक्षा प्राप्त गर्थे । बिस्तारै समयको बदलिदो क्रमसँगै आफ्ना अग्रज, आश्रम , गुरू सन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै विभिन्न विद्यालय, विश्व विद्यालय ,पुस्तकालय सङ्ग्रहालय, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर , मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीय उपकरणबाट प्राप्त गरिएको अवस्था छ । शिक्षालाई समय सुहाउदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टडकारो आवश्यकता देखिन्छ ।

व्यक्तिले आर्थिक र सामाजिक रूपमा कमजोर भएकै कारण शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित हुनु परेको अवस्था हुन सक्छ । केहि विद्यार्थीहरुले बिचैमा पढाइ समेत छोडेको पाइन्छ । सबैको शिक्षामा पहुँच पुऱ्याउन नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा समेत व्यवस्था गरिएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहस्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरुले समेत समावेशी शिक्षालाई समावेश गरेकाछन् । विभिन्न समयमा यस सम्बन्धि नीतिगत एवं संस्थागत प्रयास भएकाछन् । यस गाउँपालिका अन्तर्गत आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गको पहुँच पुऱ्याउन को लागि यो गाउँ शिक्षा योजनाले केहि नीतिगत प्रावधानहरु राखेको छ ।

## ४.३.२ वर्तमान अवस्था

लुङ्ग्री गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राह्मण, क्षेत्री, जनजाति, दलित, अति सीमान्तकृत समुदाय, अपाङ्ता भएका बालबालिकाहरूको बसोबास छ। विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका/पारिएका दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ। यस गाउपालिकामा अनाथ घरेलु हिंसा पीडित, द्वन्द पीडित, सहिद परिवार, बेपत्ता घाइते, अपाङ्गता सबै किसिमका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउनका लागि गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको छ। छात्रवृत्ति, अपाङ्गमैत्री विद्यालय, बालमैत्री विद्यालय, दिवा खाजालगायतका कामहरू गाउँपालिकाले गरिरहेको छ। तर पनि समावेशी शिक्षाको हकमा धेरै काम गर्न बाँकी छ। यस पालिकामा अपाङ्गता भएका बालबालिकाहरू स्रोत विद्यालयको व्यवस्थापन हुन नसक्दा अहिले पनि शिक्षाको मूलधारमा पुग्न सकेको देखिदैन।

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरूलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणाली प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरूलाई छात्रामैत्री र अपाङगतामैत्री बनाउनु र स्रोतकक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता अभिबृद्धि गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतिका विषयहरू हुन्।

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा नि:शुल्क तथा अपाङ्गता बालबालिकाहरूलाई नि:शुल्क उच्च शिक्षा प्रदान गर्ने व्यवस्था छ। छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति प्रदान गर्नु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, गाउँपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्‍याउनका लागि खेल्दै गरेको भूमिका, शिक्षक लगायत हरेक पेसामा आरक्षणको व्यवस्था लागू गरिनु, शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशिलता सक्रिय रहनु, विभेदको वातावरण क्रमशः घट्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्।

## ४.३.३ उद्देश्य :

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु**,**

## ४.३.४ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने,
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहि न, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने,

४. परिमार्जित पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,

६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने।

७. समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने।

८. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिबृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,

## ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि:**

१.विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ |
|---|---|---|---|---|---|---|---|
| १ | जनजाति, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका बालबालिहरूको लागि छात्रवृत्ति प्रदान गरेको सङ्ख्या | १८९ | १८९ | २०० | २०० | २५० | २५० |
| २ | आधारभूत तह कक्षा(१-८) मा लैङ्गिक समता सूचाङ्क | ०.९९ | ०.९९ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तह कक्षा(९-१२) मा लैङ्गिक समता सूचक | १.२७ | १.२७ | १.२० | १.१० | १ | १ |
| ४ | अपाङ्गता भएका शिक्षकको सङ्ख्या | ५ | ५ | ७ | ८ | ९ | १० |
| ५ | शैक्षिक सुशासनका कायम रहेको विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ६ | बालमैत्री विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |

**४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार विकास | विद्यालय | | २ | २ | २ | २ | ८ | |
| २ | समावेशी शिक्षा विषयक तालिम सञ्चालन | पटक | | १ | | १ | | २ | |
| ३ | बालबालिकाहरूको अवस्था पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बैयक्तिक शैक्षिक योजना निर्माण एवं कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | जनजाति, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका बालबालिकाहरूको लागि छात्रवृत्ति प्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ/ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | सीमान्तकृत वर्गहरूका लागि प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | | २ | |
| ९ | अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष किसिमको सिकाइ सामग्री व्यवस्था | पटक | | १ | १ | १ | १ | ४ | |

# ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

## ४.४.१ परिचय

स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ प्रचलित रहेको छ। बालबालिका स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग हासिल गर्न सक्दैनन भन्ने कुरा त सर्वसाधारण अभिभावकहरुलाई पनि जानकारी भएको विषय हो। बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारीता, मितव्ययिता बनाउन सहयोग पुग्दछ।

नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्यसम्प्रभुतालाई मौलिक हकको रुपमा स्वीकारिएको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवम् बालबालिकासम्बन्धी अन्य कानुनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकार स्थापित गरेको छ।

## ४.४.२ वर्तमान अवस्था

यस गाउँपालिकाको स्वास्थ्य तथा पोषणको अवस्था हेर्दा अर्धवार्षिक रुपमा जुकाको औषधी वितरण, किशोरीहरूलाई रक्त अल्पताबाट जोगाउन २६ हप्ता आइरन चक्कि वितरण र जेठको पहिलो हप्तामा स्वास्थ्य तथा पोषण सप्ताह (स्वास्थ्य शिक्षा प्रदान,

वातावरणीय सरसफाइ र स्वास्थ्य परिक्षण) नियमित कार्यक्रम भइरहेकाछन् । सङ्घीय सरकारबाट प्राप्त १५ रुपैयाले थोरै विद्यार्थी रहेका विद्यालयहरुमा खाजा व्यवस्थान गर्न केहि जटिल रहने र कम्तिमा ४० जना विद्यार्थी रहेका विद्यालयमा खाजा निर्माण गरी उपलब्ध गराउन तुलनात्मक रुपमा सहज भएको छ ।

समस्याः

१. विद्यालय दिवा खाजाका लागि उपलब्ध हुने रकम अति न्यून हुनु,

२. विद्यालयस्तरमा दिवाखाजा व्यवस्थापन प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु,

३. दिवाखाजा व्यवस्थापनमा स्थानीय अभिभावक एवम् जनसहभागिता र चासोमा कमी,

४. दिवाखाजामा स्थानीय उत्पादित खाजाको प्रयोग कम हुनु,

५. हात धुन सावुन पानी लगायतको सामग्रीको व्यवस्था नहुनु,

६. स्वास्थ्य परिक्षण र शिक्षाको प्रयाप्तता नहुनु ।

**चुनौतीः**

१. दिवा खाजाको गुणस्तर सुनिश्चित गर्न,

२. दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगोपना, पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि निर्माण गरी कार्यान्वय गर्न,

३. विद्यालय खाजा र सफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्न,

४. उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्न,

५. विद्यालय खाजा, विद्यालय स्वास्थ्य पोषण तथा सफाइ स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमका बिच सन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु ।

### ४.४.३ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

३. विद्यालय वातावरणीय सरसफाई सुधार गर्ने ।

### ४.४.४ रणनीति

१.स्वास्थ्य तथा पोषणका विषयमा अभिभावकहरुलाई अभिप्रेरित गरी विद्यालयमा आउने बाल बालिकाको लागि पोषणयुक्त खानेकुराको बानीमा विकास गर्ने

२. दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने,

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,

५. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,

६. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिबृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र विद्यालय भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ० | २ | ३ | ३ | ३ |
| ५ | प्राथमिक स्वास्थ्य सेवा पहुँच पुगेका विद्यालय | ० | ० | २ | ३ | ३ | ३ |
| ६ | नर्सिङ्ग सेवा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ० | १ | १ | १ | १ |
| ७ | विद्यार्थी सङ्ख्याको अनुपातमा पानी, साबुन तथा सफाइ सामग्रीसहित | २० | २० | २५ | ३० | ३२ | ३७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय भएको विद्यालय सङ्ख्या | | | | | | | |

**४.४.६ नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य:**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाई | भौतिक लक्ष्य | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| २ | विद्यालयलाई प्राथमिक उपचार बाकसको व्यवस्था तथा प्रयोग | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| ३ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| ४ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ५ | विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय सङ्ख्या | विद्यालय | २० | २५ | ३० | ३२ | ३७ | ३७ | |
| ६ | स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | दिन | १८० | १८० | १८० | १८० | १८० | ९०० | |
| ७ | स्वास्थ्य र पोषणको विषयमा अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

# ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

## ४.५.१ परिचय

प्राकृतिक तथा मानव सृजित घटनाहरु जसले मानव, आवास, अर्थतन्त्र, पशुपन्छी, धनसम्पति तथा वातावरणमा गम्भीर नोक्सान पुराउने सङ्कटपूर्ण अवस्थाको सृजना गर्दछ त्यो नै विपत वा आपतकालिन अवस्था हो । यस प्रकारको सङ्कटपूर्ण अवस्थामा बालवालिकाहरुलाई सुरक्षित गर्दै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न योजना निर्माण अनावश्यक हुन्छ। यो असमान अवस्थाको वैज्ञानिक एवं व्यवहारिक तवरले सामना र व्यवस्थापन गर्दै बालवालिकाहरुको शारिरीक, मानसिक अवस्थाको ख्याल गर्दे शैक्षिक क्षति न्यूनीकरण गर्दै जोखिमबाट बच्ने र बचाउने प्रयास निरन्त जारी राख्न स्थानीय तह, विद्यालय परिवार, समुदाय एवं अभिभावकको सङ्लग्नता जरुरी हुन्छ । प्राकृतिक विपत्तिलाई रोक्न सकिदैन तर पनि यसको प्रतिकार्य, उद्धार एवं उत्थानको लागि ठोस योजना तथा तत्परता, सामुहिक प्रयास, सहयोग, सहभागिता, सहकार्यले प्रतिकार्यलाई प्रभावकारी बनाई क्षति न्यूनीकरण गर्न सकिन्छ भने उत्थान कार्यदललाई तत्काल उद्धारकार्यमा

परिणाममुखी तवरले अगाडि बढाउन मद्दत मिल्छ । हरेक बिद्यालयले एउटा प्रतिकार्य योजनाको निर्माण गरी कार्यान्वयन गर्न सकेमा मात्र जोखिम न्यूनीकरण गर्न एवं उत्थानशील कार्य गर्न सम्भव हुन्छ । समयमा नै जानकारी, चेतावनी, उद्दार, प्राथमिक उपचार, औषधि, अस्पताल पुराउने व्यवस्था पानी, खाना एवं आश्रयस्थलको प्रवन्ध गर्न सक्ने गरी तयारी अवस्थामा रहनु विद्यालय, विद्यार्थी , शिक्षक, समुदाय सबैको लागि अपरिहार्य छ । यस कुराको गम्भीरतालाई आत्मसाथ गर्दै लुङ्ग्री गाउँपालिकाको तर्फवाट आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा योजना निर्माण गरिएको छ ।

## ४.५.२ वर्तमान अवस्था

नेपाल भुकम्पिय जोखिमको दृष्टिले उच्च जोखिम क्षेत्रमा पर्दछ । बर्सेनि बाढी, पहिरो, दुवान, भूक्षय, आगलागी, डढेलो एवं महामारीजन्य रोगहरूवाट ठूलो जनधनको क्षती भइहन्छ । यस्ता प्राकृतिक विपत्तिहरुबाट विद्यालय, शिक्षक, कर्मचारी तथा बिद्यार्थीरुलाई सुरक्षित गरी प्रकोप न्यूनीकरण गर्नु प्रत्येक विद्यालय एवं गाउँपालिकाको मुख्य चुनौति हो। बालबालिकालाई शारीरिक र मनोवैज्ञानिक रूपमा सुरक्षा प्रदान गर्न, बालबालिकाको आत्मविश्वास बनाउन, उनीहरुमा भएका क्षमता अभिबृद्धि गर्न, प्रत्येक बालबालिकाको विद्यालय क्रियाकलापमा सहभागिता बनाउन, बालबालिकालाई निडर, अनुशासित र मर्यादित बनाउन, जीवनउपयोगी सीप र ज्ञान आर्जनको लागि सजिलो पार्न, भेदभावरहित समान रूपमा व्यवहार पाउँने अवसर दिन तथा गुणात्मक शिक्षाका लागि विद्यालय छोड्ने परिपाटी घटाउन ।

कोभिड-१९ को असरसँगै स्थानीय तहमा आपतकालीन शिक्षा योजना निर्माण गर्ने कार्यमा तीव्रता आएको देखिन्छ । यस कार्यमा विभिन्न विकास साझेदार संघ/संस्थाहरूको सक्रियता पनि बढीरहेको छ । बालबालिकाहरूलाई आपतकालीन अवस्थामा पनि सहज समायोजन गर्दै सिकाइ निरन्तरताको वातावरण निर्माण गर्न अआवश्यक छ । आपतकालीन शिक्षा योजना निर्माण गर्दा भैपरी आउने असमान्य परिस्थिति वा विपदको आँकलन गरी सोसँग सम्बन्धित कार्ययोजना निर्माण गर्नुपर्ने हुन्छ । हाम्रा शैक्षिक संस्थाहरूको अवस्था, सम्भावित जोखिमको पूर्वानुमान, विपद्पूर्व गरिनुपर्ने कामहरू, विपदको समयमा ध्यान दिनुपर्ने पक्षहरू र विपद् पश्चातको शैक्षिक व्यवस्थापन र सिकाइ निरन्तरताको सवालमा वस्तुगत अध्ययन गरी योजना निर्माण गर्न सकेको अवस्था छैन । शिक्षाका लागि न्यूनतम मापदण्ड पूर्व तयारी, प्रतिकार्य र सुधारका मार्ग पहिल्याउन हाम्रो लुङ्ग्री गाउँपालिकाले खासै पहल गरेको छैन । बाढीजन्य विपदको क्षतिपूर्ति र अवलोकन तथा मूल्याङ्कन गरी पालिका स्तर कै बृहत बिपद् प्रतिकार्य योजनालाई मूर्त रुप दिनुपर्ने हुन्छ ।

स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट बच्न प्रभावकारी रुपमा विद्यालयहरुमा कुनै अभ्यास गर्न सकेको छैन। विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार भै वेबसाइटमा राखिएको भएपनि कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको माध्यमबाट खासै उपलब्धि हासिल गर्न सकिएको छैन । यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारणसमेत गरिदै आएको भएतापनि त्यस्ता कुराहरुमा सबैको पहुँच पुर्‍याउन र यसलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ ।

## ४.५.३ उद्देश्य

१. गाउँपालिकाको विपद् कोषलाई शिक्षा क्षेत्रमा भएको क्षतिको पुनर्स्थापनाका लागि समेत परिचालन गर्नु ।
२. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण गर्नु ।

३. प्रत्येक विद्यालयमा विपद् व्यवस्थापन फोकल शिक्षक छनोट गरि आवश्यक तालिम प्रदान गर्नु
४. सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण गर्नु ।
५. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता दिनु ।
६. विपद्का कारणबाट पालिकाको आर्थिक, भौतिक एवं मानवीय क्षतिमा कमी ल्याउनु ।
७. विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना गर्नु ।

### ४.५.४ रणनीतिहरु

१. विपद् व्यवस्थापन तथा क्षति न्यूनीकरणका लागि भौतिक, आर्थिक तथा मानव स्रोत तयारी अवस्थामा राख्ने ।
२. सम्भावित सङ्कटको पूर्वानुमान गरी त्यसको व्यवस्थापन एवं उत्थानशिलताको लागि स्रोत खोजि, पहिचान एवं तयारी गर्ने ।
३. विद्यालय सुरक्षा योजनानुरुप तयार हुने र योजना निर्माण गर्ने ।
४. शिक्षक विद्यार्थी, अभिभावक समुदायलाई विपत्पूर्ण अवस्थाको सामना, प्रतिकार्य उत्थानशीलताको बारेमा क्षमता विकास गर्ने र प्रकोपसँग जुध्ने क्षमताको सुनिश्चितता गर्ने ।
५. प्राथमिक उपचार, महामारी, आकस्मिक दुर्घटना तथा अन्य प्रकोपको रोकथाम र प्रतिकार्यको लागि तयारी गर्ने।
६. विपद्पूर्ण अवस्थामा वैकल्पिक शिक्षाका विकल्पहरु कार्यान्वयन, सञ्चालन गर्ने।
७. वैकल्पिक शिक्षणको लागि साधन स्रोतको व्यवस्था गरी विद्यालयको क्षमता अभिबृद्धि गर्ने।
८. विभिन्न सरोकारवाला निकाय, संघ संस्थाहरु सँग समन्वय गरी मैसमीपात्रो, कार्ययोजना निर्माण गर्ने ।

### ४.५.५ उपलब्धि तथा नतिजा तथा प्रमुख क्रियाकलाप

**उपलब्धि**

१. लुङ्ग्री गाउँपालिकामा विपद् प्रतिकार्य संयन्त्र कोष निर्माण भइ कार्यान्वयनमा आएको हुनेछ ।
२. प्रत्येक विद्यालयमा विद्यालय सुरक्षा योजना निर्माण भएको हुनेछ ।
३. प्रत्येक विद्यालयमा विपद व्यवस्थापन फोकल शिक्षक तोकी आवश्यक तालिम प्रदान भएको हुनेछ।
४. सम्पूर्ण भौतिक संरचनाहरू सवलीकरण गरी सुरक्षित कक्षाकोठा निर्माण भएका हुनेछ ।
५. प्राकृतिक प्रकोपजन्य घटनाबाट सृजित अवस्थामा वैकल्पिक शिक्षालाई प्राथमिकता रहेको हुनेछ ।
६. विपत्को कारणबाट पालिकाको आर्थिक, भौतिक एवं मानवीय क्षतिमा कमी आएको हुनेछ ।
७. विद्यालयभित्र र बाहिर वृक्षारोपण कार्यक्रम आयोजना भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण/जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ९ | ९ | ३७ | ३७ | ३७ | ३७ |
| २ | हरित विद्यालय सङ्ख्या | ३ | ३ | १० | १५ | २० | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | विपत्को समयमा वैकल्पिक सिकाइको माध्यमवाट शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या | ९ | ९ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | विपत्को व्यवस्थानका स्रोत सामग्री भएका विद्यालय सङ्ख्या | ९ | ९ | ३७ | ३७ | ३७ | ३७ |
| ६ | विद्यालय सुरक्षा योजना निर्माण गरेका विद्यालय सङ्ख्या | ० | ० | ३७ | ३७ | ३७ | ३७ |
| ७ | सुरक्षित कम्पाउण्डको व्यवस्था भएका विद्यालय सङ्ख्या | १५ | १५ | २० | २५ | ३० | ३७ |

**प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति पुनरावलोकन | पटक | | १ | | | १ | २ | |
| २ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | |
| ३ | शिक्षक तथा वि.व्य.स. पदाधिकारीहरुको तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्राथमिक उपचार वाकस, स्ट्रेचर, झटपट झोला व्यवस्थापन | विद्यालय | १३ | २० | २५ | ३० | ३७ | ३७ | |
| ५ | विद्यालय सुरक्षा योजना निर्माण कार्यशाला | पटक | | १ | | | १ | २ | |
| ६ | सिकाइ क्षति आपुरण योजना कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाई र पिउनका लागि खानेपानी, दिशा पिसाबका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका अपरिहार्य अनि आधारभूत संरचना हुन्। शिक्षा नियमावली, २०५९ अनुसार सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद

जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति, यस गाउँपालिकाको शिक्षासम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ।

### ४.६.२ वर्तमान अवस्थाः

गाउँपालिकामा हाल कुल विद्यालय (बाल विकास केन्द्र समेत) ४३ मध्ये ४२ सामुदायिक र १ संस्थागत विद्यालय रहेकाछन्। सामुदायिक विद्यालय तर्फ केही विद्यालयको पक्कि भवन रहेको छ। पक्की भवन भए पनि केही विद्यालयमा पर्याप्तता छैन भने अन्य विद्यालयहरूमा भवनको आवश्यकता सँगसँगै घेराबार, शौचालय, खानेपानी, खेलमैदान आदिको आवश्यकता रहेको छ। विद्यालयमा बनेका हालकक्षा भवनहरू संरक्षण गर्न गाह्रो हुने स्थिति मात्र नभई विद्यार्थीको अनुपातमा उपलब्धता चुनौतीपूर्ण छ। यस गाउँपालिका अन्तर्गतका ३० वटा विद्यालयहरुमा विधुतको विस्तार भएतापनि ४ वटा विद्यालयमा भौगोलिक विकटताको कारण विधुत विस्तार हुन नसकीएकोले सौर्य उर्जा जडान गरिएको छ भने बाँकी विद्यालयमा विधुत बिस्तार गर्नुपर्ने देखिन्छ। यस गाउँ पालिकाभित्र सचालित धैरैजसो विद्यालयको आफ्नै स्वामित्वमा जग्गा छ। सबै विद्यालयमा इन्टरनेटको व्यवस्था गर्न सकिएको छैन। यस गाउँपालिकाका अधिकांश भूभाग सुख्खा ग्रस्त क्षेत्रभित्र पर्ने भएकाले विद्यालयमा शुद्ध खानेपानीको सहज उपलब्ध गराउन सकिएको छैन। उल्लिखित समस्याको व्यवस्थित रुपमा समाधान गर्नका लागि गाँउशिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

### ४.६.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास गर्नु,
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण गर्नु

### ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने, (उद्देश्य १)
२. विद्यालय पूर्वाधार विकास र सबलीकरणको लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने। (उद्देश्य १,२)
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुन:निर्माण एवम् मर्मत सम्भार गर्ने, (उद्देश्य २)
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने। (उद्देश्य २)

### ४.६.५ उपलब्धि तथा नतिजा तथा प्रमुख क्रियाकलाप

**उपलब्धि :**

१. विद्यालयहरूमा मापदण्ड अनुसार भौतिक संरचना निर्माण भएका हुनेछन्।
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य :**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठाको सङ्ख्या | २० | १६ | १२ | १५ | १२ | १२ |
| २ | सवलिकरण गर्नुपर्ने कक्षाकोठाको सङ्ख्या | २ | ६ | १० | ८ | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | नयाँ निर्माण गर्नुपर्ने शैचालयको सङ्ख्या | १ | ४ | ६ | ४ | ६ | ६ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने घेराबारको सङ्ख्या | ३ | ४ | ४ | ५ | ६ | ४ |
| ५ | नयाँ निर्माण गर्नुपर्ने खानेपानीको सङ्ख्या | १ | ४ | ६ | ५ | ६ | ५ |

### ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ / २०८२ | २०८२ / २०८३ | २०८३ / २०८४ | २०८४ / २०८५ | २०८५ / २०८६ | |
| १ | विद्यालयहरुको भौतिक व्यवस्थापन | विद्यालय | ४ | ६ | ४ | ६ | ८ | २८ |
| २ | पूर्वाधार विकासका लागि मापदण्ड/गुरुयोजना स्थानीयकरण | पटक | ० | १ | ० | ० | १ | २ |
| ३ | विद्यालय नक्साङ्कन | पटक | ० | १ | ० | ० | १ | २ |
| ४ | विद्यालयको विकासका लागि भौतिक सूचकको निर्माण | पटक | ० | १ | ० | ० | १ | २ |
| ५ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेराबार | विद्यालय | ४ | ४ | ५ | ६ | ४ | २३ |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाईको प्रबन्ध | विद्यालय | ४ | ६ | ४ | ६ | ६ | २६ |

# ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ।

सूचना प्रविधि भन्नाले ध्वनि, तस्विर, अक्षर तथ्यांकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दूरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, सङ्ग्रह र प्रवाहलाई चिनिन्छ। आजको युग सूचना प्रविधिको युग हो। सूचना प्रविधिले शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ। शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ। यसले सूचनाको पहुँचमा बृद्धि गर्छ। शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरूमा मात्र भर पर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ। उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेबसाइटहरूको उपयोग गर्न सक्ने भएकाछन्। सयौं व्यक्तिहरूले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हासिल गर्न सक्छन्। अब सिकाइलाई अनलाइन पाठ्यवस्तुको माध्यमबाट चौबीसै घण्टा हेर्न सकिन्छ।

सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरू एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ। भौगोलिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधारहरूको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अव रहेन। यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ। शैक्षिक विकासका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहने गरी यस योजनामा समावेश गरिएको छ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति २०७६ र विज्ञान तथा प्रविधि नीति २०७६ ले समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरेको छ। सूचना प्रविधिको तिव्र विकासले नेपाल जस्ता अल्पविकसित मुलुकहरूलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्न सु-अवसरहरू प्रदान गरेको छ। यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुन सक्ने देखिन्छ। लुङ्ग्री गाउँपालिकाका अधिकांश माध्यामिक विद्यालयहरूमा सूचना तथा प्रविधि प्रयोगशालाको स्थापना भएको छ। सम्पूर्ण माध्यामिक सामुदायिक विद्यालयहरूमा इन्टरनेट सुविधाको विस्तार गरिएको छ। सबै विद्यालयहरूमा कम्प्युटर तथा प्रिन्टरको व्यवस्था गरिएको छ। केही माध्यामिक विद्यालयहरूले CCTV क्यामरा समेत जडान गरेकाछन्। विद्यालयहरूका विभिन्न कक्षाहरूमा कम्प्युटर विषयको शिक्षण गरिएको पाइन्छ। शिक्षा तथा सूचना र सञ्चार प्रविधि बीच गहिरो सम्बन्ध छ। शिक्षामा प्रविधिको प्रयोगलाई अर्थ पूर्ण रूपमा हेर्न थालिएको छ। कक्षा कोठामा प्रविधिको प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ। द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर र चुनौतीहरू ल्याएको छ। हाल शिक्षा क्षेत्रमा पनि विद्यालयका प्रशासनिक काम, नतिजा निर्माण कार्य, पावर प्वाइन्ट निर्माण गरी प्रोजेक्टरको माध्यमबाट अध्यापन गर्ने शैक्षिक कार्य सामान्य रूपमा प्रयोग आएको पाइन्छ। केन्द्रीय शैक्षिक तथ्याङ्कमा जोड्नको लागि हाल एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरिएको छ र त्यसको पूर्णतया उपयोग हुन नसकिएको अवस्था छ।

### ४.७.३ उद्‌देश्यहरू

यस योजनाले शिक्षामा सूचना प्रविधि सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

१. सबै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बृद्धि गर्नु
२. विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्नु
३. अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिबृद्धि गर्नु
४. गाउँपालिका स्तरको शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समता मूलक बनाउनु

### ४.७.४ रणनीति

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछन् :

१. ICT को पूर्वाधारको रूपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान गर्ने
२. कम्प्युटर, ई पुस्तकालय तथा–ICT ल्याव स्थापना गर्ने
३. विद्यालयमा कार्यरत जनशक्तिलाई ICT तथा Smart Board को प्रयोग सम्बन्धी आधारभूत तालिमको व्यवस्था गरि परिचालन गर्ने ।
४. विद्यालयहरूलाई केन्द्रीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको बढीभन्दा बढि प्रयोग गर्न प्रोत्साहित गर्ने

## ४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि**

१. विभिन्न आधारभूत तथा माध्यामिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार **(ICT)** प्रविधिको पूर्वाधार विकास तथा पहुँच विद्यालय सङ्ख्या | २५ | २५ | २८ | ३२ | ३५ | ३७ |
| २ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएका शिक्षक सङ्ख्या | ७२ | ९० | १०० | १२० | १३० | १५० |
| ३ | सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका विद्यालय सङ्ख्या | २० | २५ | ३० | ३७ | ४० | ४३ |
| ५ | सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको व्यवस्थीत प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३० | ३७ | ४३ | ४३ | ४३ | ४३ |
| ६ | समुदाय स्तरमा सूचना तथा प्रविधिको प्रयोग गर्ने सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | १ | २ | ३ | ३ | ३ | ३ |

**४.७.५ प्रमुख लक्ष्य तथा क्रियाकलापहरू**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ / २०८२ | २०८२ / २०८३ | २०८३ / २०८४ | २०८४ / २०८५ | २०८५ / २०८६ | |
| १ | ICT को पूर्वाधारको रूपमा रहेको विद्युत, कम्प्युटर र इन्टरनेट प्रत्येक विद्यालयमा जडान | विद्यालय | २५ | २८ | ३२ | ३५ | ३७ | ३७ |
| २ | आधारभूत तथा माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ल्याव स्थापना | विद्यालय | १२ | १४ | १५ | १७ | २० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको माध्यामिक तहबाट क्रमशः आधारभूत तहसम्म ई–पुस्तकालयको स्थापना | पटक | ० | १ | २ | ३ | ४ | ४ |
| ४ | शैक्षिक तथ्याङ्क सूचना प्रणालीको प्रयोग, लाइब्रेरी व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन र विद्यालयका आर्थिक लगायतका पक्षहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सो सम्बन्धी जनशक्तिलाई तालिमको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा स्मार्ट कक्षा कोठा व्यवस्थापन सम्बन्धी सम्पूर्ण शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेदः ५ सुशासन र व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

वर्तमान विश्व परिवेशमा शिक्षा विकासको प्रमुख पुर्वाधार हो । यसले व्यक्ति, समुदाय र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बालवालिकाहरुलाई समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य, सु-संस्कृत समाजको विकास गर्नु आजको आवश्यकता हो । यस सन्दर्भमा विद्यालय सुशासन र व्यवस्थापन महत्वपूर्ण पाटो हो । विद्यालय व्यवस्थापन पक्षले स्थानीय समुदाय, सम्बन्धित सरोकारवालाहरुको भूमिकालाई थप जिम्मेवार बनाई विद्यालय प्रशासनलाई समुदायप्रति उत्तरदायी र जिम्मेवार बनाइनु पर्छ । विद्यालयमा सबैको विश्वास प्राप्त गर्न विद्यालयमा गरिने हरेक क्रियाकलाप तथा कार्यक्रममा सक्रिय सहभागिता, निष्पक्षता तथा पारदर्शिता हुनु आवश्यक छ । बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय शिक्षा प्रदानका लागि नेपालको संविधानमा भएको प्रावधानलाई लागू गरी शिक्षा क्षेत्रको समुन्नत र न्यायोचित विकासमा विद्यालय व्यवस्थापन पक्षको महत्वपूर्ण योगदान रहन्छ ।

### ५.१.२ वर्तमान अवस्था

लुङ्ग्री गाउँपालिका अन्तर्गत शैक्षिक सुशासन व्यवस्थापनको पक्ष सुधारोन्मुख रहेको भएतापनि धेरै जसो विद्यालयहरुमा भौतिक पुर्वाधारको कमि रहेको, तहगत प्रधानाध्यापकको व्यवस्थापन हुन नसकेको अवस्था समेत रहेको छ । हाल लुङ्ग्री गाउँपालिकामा ४३ वटा समुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरु, १ वटा संस्थागत बालविकास केन्द्र, जम्मा ४२ वटा सामुदायिक विद्यालयहरु र १ वटा संस्थागत विद्यालय रहेका छन । विभिन्न विद्यालयहरुमा शिक्षक तथा विद्यार्थी अनुपात मिलेको देखिदैन । विद्यालयहरुमा विद्यालयका पदाधिकारी तथा शिक्षकहरुको बिचमा तालमेल मिलेको देखिदैन । विद्यालयका विभिन्न पदाधिकारीहरुको क्षमता विकास गर्नुपर्ने अवस्था रहेको छ । उल्लेखित अवस्थाहरुलाई विश्लेषण गर्दा विद्यालय व्यवस्थापन र सुशासनको क्षेत्रमा निम्न चुनौतिहरु पहिचान गरिएका छन् :

१. विद्यालयले बोलाएको अवस्थामा मात्र न्यून अभिभावकहरु विद्यालयमा आउनु, अन्य समयमा विद्यालयको अवस्थाको बारेमा कुनै जानकारी नै नलिनु
२. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा बढि चासो दिनु तर गठन पश्चात वैठकमा नियमित उपस्थिति नहुनु
३. वि व्य स को बैठकमा बालबालिकाको शैक्षिक गुणस्तर, सिकाइ उपलब्धि जस्ता कुरामा छलफल केन्द्रित न्यून हुने तर भौतिक पुर्वाधार, शिक्षक नियुक्ति जस्ता पक्षमा छलफल बढि केन्द्रित हुनु ।
४. वि. व्य. स. ले अभिभावकहरुको सहयोग र विश्वास लिन नसक्नु ।
५. वि. व्य. स. का सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु ।
६. विद्यालयका विभिन्न क्रियाकलापहरुमा राजनितिक प्रभाव बढि हुनु ।
७. शिक्षक अभिभावक संघ गठन भएको भएपनि निष्क्रिय रहनु ।
८. विद्यालयका व्यवस्थापकीय पक्ष वि. व्य. स. को मात्र जिम्मेवारी हो भन्ने मानसिकता रहनु ।
९. शि. अ. संघका सदस्यहरुलाई शिक्षा ऐन नियमावलीहरुमा तोकिएका आफ्ना काम, कर्तव्य र अधिकारकहरुको बारेमा जानकारी नहुनु ।
१०. विद्यालयको सामाजिक परीक्षणमा अनिवार्य उपस्थित हुनुपर्ने बाहेक शि. अ. संघको स्वतः उपस्थिति र वैठक बस्ने नगर्नु ।
११. प्रध्यानाध्यापहरु लामो समय देखि एउटै विद्यालयमा मात्र सिमित हुनु ।
१२.विद्यालयका प्र. अ. हरु प्रशासनिक कार्यमा मात्र सिमित नरही बाह्य व्यवस्थापकीय पक्षमा समेत बाध्यात्मक रुपमा काम गर्नु ।
१३. प्र. अ. को कार्यसम्पादनका लागि करार सम्झौता नभएकाले आफूखुशी कार्य गरी रहेको ।
१४. वि. व्य. स. र शि. अ. संघ सँग राम्रो सम्बन्ध कायम हुन नसकेको ।
१५. विद्यालयका सरोकारवालाहरुलाई प्र अ ले परिचालन नगरी आफू मात्रै अधिकांश समय खट्ने ।

### ५.१.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरु राखेको छ

१. विद्यालय शिक्षाको भौतिक, प्रशासनिक तथा शैक्षणिक पक्षको व्यवस्थापन गर्नु ।
२. विद्यालयका सम्बद्ध पदाधिकारीहरुलाई विद्यालयप्रति जिम्मेवार बनाउनु ।
३. विद्यालयको तह अनुसार शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु ।
४. विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु ।

### ५.१.४ रणनीति

विद्यालय व्यवस्थापन सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

१. प्रचलित व्यवस्था अनुसार विद्यालयको प्रधानाध्यापकको व्यवस्थापन गर्ने गराउने ।
२. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ प्रजातान्त्रिक वातावरणमा गठन गरी विद्यालयका सम्पूर्ण गतिविधिप्रति जिम्मेवार बनाउने ।
३. वि व्य सको वैठकलाई नियमित गर्ने र शैक्षणिक गतिविधिहरुमा केन्द्रित भई निर्णय गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।
४. विद्यालयमा तह अनुसारको भौतिक पुर्वाधार र जनशक्तिको व्यवस्थापन गराउने ।

५. शिक्षक लगायत विद्यालयका विभिन्न पदाधिकारीहरुलाई तिनीहरुका काम, कर्तव्य तथा अधिकारहरुका बारेमा जानकारी गराउन विभिन्न समयमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. विद्यालयमा गरीने शैक्षणिक गतिविधिहरुको अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव दिने ।
७. अभिभावकहरुको क्षमता विकास गरी बालवालिका प्रति जिम्मेवार बनाउने ।
८. विद्यालयप्रति अभिभावकहरुको भूमिका, सहयोग र सकारात्मक धारणाको विकास गराउने ।
९. विद्यालयका शिक्षक, कर्मचारी र व्यवस्थापकहरूको राजनीति प्रतिको आवद्धता हटाइ विद्यालयप्रति जिम्मेवार बनाउने ।
१०. विद्यालयको सामाजिक परीक्षण गराँउदा आर्थिक पक्षलाई मात्र जोड नदिई सम्पूर्ण पक्षको वास्तविक मुल्याङ्कन गरी विद्यालयलाई सुझाव दिने र सार्वजनिकीकरण गर्ने ।
११. तह अनुसार योग्यता पुगेका प्रधानाध्यापकहरुको नियुक्ति गरी कार्य सम्पादन करार गर्ने ।
१२. प्रधानाध्यापकहरूलाई दोहोरो जिम्मेवारीको बोझबाट मुक्त गरी प्रशासनिक र विद्यालय सुधारका कार्यमा मात्र विशेष जिम्मेवारी प्रदान गर्ने ।
१३. विद्यालयको गुणस्तर सुधारका लागि प्रतिस्पर्धात्मक वातावरणको विकास गर्ने ।
१४. सरोकारवालाहरुको पूर्ण सहभागितामा विद्यालय सुधार योजना र गुणस्तर सुधारका योजना बनाइ कार्यान्वयन गर्ने।
१५. सरोकारवालाका गुनासो सुन्न पालिकास्तरमा गुनासो सुनुवाई संयन्त्रको व्यवस्था गर्ने ।
१६. विद्यालयका लेखा कर्मचारी र प्रधानाध्यापकहरूका लागि लेखा व्यवस्थापन तालिमको व्यवस्था गर्ने ।
१७. गाउँपालिकाले शिक्षकहरूसँग कार्यसम्पादन सम्झौता गरी निश्चित समयावधिका लागि प्रधानाध्यापकको पदमा नियुक्त गरी असल काम गर्नेलाई प्रसंशा तथा सम्मान गर्ने ।
१८. बाल क्लब, रेडक्रस, इको क्लब, स्काउट जस्ता विद्यार्थीको सामूहिक समितिहरू गठन गर्ने ।
१९. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको व्यवस्थापन गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि**

१. लुङ्ग्री गाउँपालिका अन्तर्गतका सम्पूर्ण शैक्षिक संस्थाहरुको शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षहरु सबल भएका हुनेछन् ।
२. गाउँपालिकाको औषत सिकाइ उपलब्धि ७० पुगेको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | लेखा परीक्षण तथा सामाजिक परीक्षण समयमै सम्पन गर्ने विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| २ | नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | १० | २० | ३० | ४० | ५० |
| ३ | विद्यालय व्यवस्थापन समिति समयमै गठन भई क्रियाशील भएका विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षक अभिभावक संघ समयमै गठन भई क्रियाशील भएका विद्यालय सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | शिक्षक र विद्यालय सम्बद्ध पदाधिकारीहरु विद्यालयप्रति जिम्मेवार भई कार्यसम्पादनमा बढि सक्रीय भएका विद्यालय (%) | २५ | ३५ | ५० | ६० | ७० | ७५ |

### ५.१.६ प्रमुख लक्ष्य तथा क्रियाकलापहरू

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | शिक्षा योजनाको कार्यान्वयन तथा शैक्षिक प्रशासन सञ्चालनका लागि आवश्यक कानुनी प्रबन्ध र मापदण्डको विकास तथा संशोधन गर्ने | सङ्ख्या | १ | | | | १ | २ |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | | | १ | | | १ |
| ३ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता बृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | तथ्याङ्क तथा सूचकहरुको वास्तविक प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा समयमै सूचना सम्प्रेषण गर्ने प्रणालीको स्थापना गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ |
| ५ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसँग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने पद्धतिको विकास गर्ने | सबै ज. | √ | √ | √ | √ | √ | √ |
| ६ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | निरन्तर | √ | √ | √ | √ | √ | √ |
| ७ | सामुदायिक सिकाइ केन्द्रहरु मार्फत अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रुपमा परिचालन गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सबै विद्यालय | | | | | | | |
| ९ | सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | सबै विद्यालय | | | | | | | |
| १० | उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान,प्रसंशा, पुरस्कार,बढुवा, ग्रेडबृद्धि आदि) | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद – ६ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

## ६.१.१ परिचय :

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङघीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशीलछन् । कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

## ६.१.२ वर्तमान अवस्था:

लुङ्ग्री गाउँपालिकाले पाँच वर्षे गाउँशिक्षा योजना तयार पारेको छ । गाउँपालिकाले शिक्षा सम्बन्धी विभिन्न कार्यविधि , ऐन, नियमावली निर्माण गरी कार्यान्वयन गरि सकेको छ । योजना निर्माणसँगै निर्दिष्ट उद्देश्य हासिल गर्न पालिकामा रहेका जनशक्ति परिचालन गरिनेछ । आवश्यक प्रयाप्त जनशक्ति व्यवस्थापनमा चुनौती रहेको छ । विगतमा तय गरिएका कार्यक्रम कार्यन्वयनमा प्राप्त सफलताले समन्वय र सहकार्यको आधारमा योजना कार्यन्वयन गरिने छ । सङ्घीय र प्रदेशको सशर्त अनुदान तोकिएकै शीर्षकमा खर्च हुने भएकाले यस योजनामा पालिकाबाट विनियोजन हुने बजेटलाई प्राथमिकता प्रदान गरी कार्यक्रम तय गरिएको छ । योजना कार्यन्वयनको क्रममा आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण गरिने छ । जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिई निर्माण गरेको योजनाको प्रबोधीकरण गरी कार्यन्वयनलाई गति प्रदान गरिनेछ ।

### ६.१.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।

### ६.१.४ रणनीति

१. बजेट तथा कार्यक्रम निर्धारण गर्दा दोहोरोपन नहुने सुनिश्चित गर्ने,
२. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक विधि प्रक्रिया पूरा गर्ने वातावरण सृजना गर्ने,
३. निर्धारित कार्यक्रम कार्यन्वयनको स्थिति पहिचान गरी देखिएका समस्या समाधान गर्ने,
४. EMIS को प्रयोगलाई व्यवस्थित बनाउने,
५. विद्यालयका प्रशासनिक र व्यवस्थापकीय कार्यको उचित व्यवस्थापन गर्ने,
६. उत्तरदायित्वका औजारहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने,
७. अनौपचारिक तथा आजीवन सिकाइलाई व्यवस्थित बनाउने।

### ६.१.५ उपलब्धि

**उपलब्धि**

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ

### ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण शैक्षिक क्यालेन्डर निर्माण सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन गर्न समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद- ७ लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

स्रोत योजनाको मुटु हो। स्रोत व्यवस्थापनको योजनामा महत्वपूर्ण भूमिका रहेको हुन्छ। योजना कार्यन्वयनका लागि आवश्यक पर्ने आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन कहाँबाट गर्ने र कसरी गर्ने भन्नेकुरा चुनौतिका रूपमा रहेको हुन्छ। देशको बद्लिँदो राजनितिक अवस्था, शासकीय स्वरूप र शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको व्यवस्थापनले योजना कार्यान्वयन र स्रोत व्यवस्थापनमा प्रभाव पारेको हुन्छ। बालविकास तथा आधारभूत र माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको परिप्रेक्ष्यमा सङ्घीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन्। शिक्षक तलब भत्ता, भौतिक पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, छात्रवृत्ति,आधारभूत तह (कक्षा- ६-८) र माध्यमिक तहका छात्राहरूका लागि स्यानिटरी प्याड, छात्रवृति, पाठ्यपुस्तक,अनौपचारिक तथा वैकल्पिक शिक्षा विद्यालय दिवाखाजा आदिमा ससर्तका कार्यक्रम र स्थानीय तहले आवश्यकतानुसार खर्च गर्न सक्ने गरी समानीकरण बजेट स्थानीय तहलाई उपलब्ध गराउनु यसका उदाहरणहरु हुन्। लुङ्ग्री गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्न भरपुर प्रयास गरिरहेको छ। दूरदराजका बस्तिमा पहुँच सहज गर्न थप विद्यालय सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा गाउँपालिका अनुदान शिक्षक दरबन्दी वितरण गरी परिचालन र तिनका लागि खर्चको व्यवस्था, प्रधानाध्यापकहरूका लगि बैठक भत्ताको व्यवस्था, विद्यालय सहयोगी कर्मचारी,बाल विकास शिक्षकका लागि प्रोत्साहन स्वरूप रकम उपलब्ध गराउने, माध्यमिक शिक्षा कक्षा (९-१२) निःशुल्क बनाउन थप अनुदान उपलब्ध गराउने , शिक्षकहरूको क्षमता विकास तालिम सञ्चालन, विद्यार्थीको प्रतिभा विकासमा सहयोग पुर्‍याउन विभिन्न कार्यक्रम, खेलकुद आयोजना गरिएका छन्।

## ७.२ वर्तमान अवस्था

शिक्षामा लगानी बढाउने आशयका साथ गाउँपालिकाका विभिन्न नीति तथा योजनाहरु निर्माण भएकाछन्। नेपालको सङ्घीय तहबाट शिक्षामा जम्मा लगभग कुल बजेटको ११ प्रतिशत लगानी गरिएको अवस्था छ। शसर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा वढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरुमा खर्च गरेको छ। गाउँपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकता दिई आ.व.२०८०/८१ मा कुल बजेटको १९ प्रतिशत लगानी शिक्षामा गरेको छ। जनशक्ति व्यवस्थापन ,गुणस्तर अभिबृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरु केन्द्रित रहेकाछन्। यसरी हेर्दा गाउँपालिकाले शिक्षा क्षेत्रलाई विकासको प्रमुख पूर्वाधारको रुपमा अङ्गीकार गरेको पाइन्छ।

## ७.३ लक्ष्य , उद्देश्यहरु ,रणनीतिहरु

१.शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिबृद्धिका लागि लगानीको सुनिश्चितता हुने।

**६.३ १.उद्देश्यहरु**

१. योजना कार्यान्वयनका लागि शिक्षा क्षेत्रमा आवश्यक सोतको प्रक्षेपण गर्ने।

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने।

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

**६.३.२ रणनीतिहरु**

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा बृद्धि गर्ने ,
२. शैक्षिक पहुँच,सहभागिता एवं गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
३. वार्षिक रुपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने ,
४. शिक्षामा निजि तथा गैर सरकारी क्षेत्रको लागानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने ,
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता,पार्दर्शिकता ,जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाईने

## ७.४ प्रमुख उपलब्धि, क्रियाकलाप र अनुमानित बजेट

**उपलब्धि**

१. शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

क) **सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९७५६ | १००७८ | १०४११ | १०७५४ | १११०९ | ५२१०७ | |
| २ | आधारभूत शिक्षा | ५४९६२ | ५६७७६ | ५८६४९ | ६०५८५ | ६२५८४ | २९३५५६ | |
| ३ | माध्यमिक शिक्षा | १३१३९ | १३५७३ | १४०२० | १४४८३ | १४९६१ | ७०१७६ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ११०० | ११३६ | ११७४ | १२१३ | १२५३ | ५८७५ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १०४४० | १०७८५ | १११४० | ११५०८ | ११८८८ | ५५७६१ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १४७८९ | १५२७७ | १५७८१ | १६३०२ | १६८४० | ७८९८९ | |
| ८ | शिक्षामा समता र समावेशीकरण | २७१३ | २८०३ | २८९५ | २९९१ | ३०८९ | १४४९० | |
| ९ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ८०० | ८२६ | ८५४ | ८८२ | ९११ | ४२७३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | १८००० | १९२६० | २०६०८ | २२०५१ | २३५९४ | १०३५१३ | |
| ११ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ६५० | ७४८ | ८६० | ९८९ | ११३७ | ४३८३ | |
| १२ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ११३९ | ११७७ | १२१५ | १२५६ | १२९७ | ६०८३ | |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध/कार्यसम्पादनमा आधारित प्रोत्साहन | १५०१ | १५५१ | १६०२ | १६५५ | १७०९ | ८०१७ | |
| १४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | २५८५ | २६७० | २७५८ | २८४९ | २९४३ | १३८०७ | |
| १५ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम (दिवा खाजा/स्यानिटरी प्याड) | १८५७४ | १९१८७ | १९८२० | २०४७४ | ०२११५० | ९९२०५ | |
| | जम्मा | १५०३४८ | १५६०५५ | १६२००८ | १६८२२१ | १७४७०८ | ८११३४१ | |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | | |
| १ | विद्यालय भौतिक पूर्वाधार विकास | ५००० | ५१६५ | ५३३५ | ५५१२ | ५६९३ | २६७०५ | |
| २ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | १००० | ११०० | १२१० | १३३१ | ४६४१ | |
| ३ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | ५०० | ५५० | ६०५ | ६६६ | २३२१ | |
| | जम्मा | ५००० | ६६६५ | ६९८५ | ७३२७ | ७६९० | ३३६६७ | |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३०४८ | ३२६१ | ३४९० | ३७३४ | ३९९५ | १७५२८ | |
| २ | आधारभूत शिक्षा | ९१४२ | ९७८२ | १०४६७ | ११९९९ | ११९८३ | ५२५७३ | |
| ३ | माध्यमिक शिक्षा | २४३६ | २६०७ | २७८९ | २९८४ | ३१९३ | १४००९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ५००० | ५१५० | ५३०५ | ५४६४ | २०९१८ | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ३०० | ३०९ | ३१८ | ३२८ | ३३८ | १५९३ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ६५० | ६९६ | ७४४ | ७९६ | ८५२ | ३७३८ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १०४० | १११३ | ११९१ | १२७४ | १३६३ | ५९८१ | |
| ८ | शिक्षामा समता र समावेशीकरण | ५०० | ५३५ | ५७२ | ६१३ | ६५५ | २८७५ | |
| ९ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १०० | १०७ | ११४ | १२३ | १३१ | ५७५ | |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | ७६५० | ८४१५ | ९२५७ | १०१८२ | ११२०० | ४६७०४ | |
| ११ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५७० | ६३८ | ७१५ | ८०१ | ८९७ | ३६२१ | |
| १२ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | २७४४ | २९३६ | ३१४२ | ३३६२ | ३५९७ | १५७८० | |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| १४ | खेलकुद सञ्चालन /विकास | २००० | २१४० | २२९० | २४५० | २६२२ | ११५०१ | |
| | जम्मा | ३०४८० | ३७८३९ | ४०५३८ | ४३४५० | ४६५९० | १९८८९७ | |

**घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९८४५ | १०१७० | १०५०५ | १०८५२ | ११२१० | ५२५८३ | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २४६ | २५४ | २६३ | २७१ | २८० | १३१४ | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ३६० | ३७२ | ३८४ | ३९७ | ४१० | १९२३ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | १९१ | १९७ | २०४ | २११ | २१७ | १०२० | |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | ३७५ | ३८७ | ४०० | ४१३ | ४२७ | २००३ | |
| ११ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ० | ० | ० | ० | |
| १२ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ७०६ | ७२९ | ७५३ | ७७८ | ८०४ | ३७७१ | |
| १३ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ५८४ | ६०३ | ६२३ | ६४४ | ६६५ | ३११९ | |
| १४ | विद्यालय स्वास्थ्य/पोषण कार्यक्रम | १६ | १७ | १७ | १८ | १८ | ८५ | |
| | जम्मा | १२३२३ | १२७३० | १३१५० | १३५८४ | १४०३२ | ६५८१८ | |

# परिच्छेद -८ अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

योजनाको प्रभावकारिता योजना कार्यन्वयन, अनुगमन र मूल्याङ्कन निर्भर रहन्छ। यस योजनालाई कार्यन्वयन, अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालिन सोच र उद्देश्यहरु पूरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । यस योजनाको कार्यन्वयन लुङ्ग्री गाउँपालिकाले गर्नेछ भने अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिका सबै संयन्त्र परिचालन गरिनेछ। यस योजनाको सामान्य मूल्याङ्कन, प्रगति समीक्षा वार्षिक रुपमा गरिने छ भने आवधिक मूल्याङ्कन विभिन्न समयमा गरिनेछ । विगतका सिकाइ र वर्तमानका अनुभवहरुले योजना कार्यन्वयनमा सहजता ल्याउन सहयोग गर्दछ । योजनाको अनुगमन तथा मूल्याङ्कनबाट योजना कार्यन्वयनको अवस्था, विकासको गति र गन्तव्यसँगको सामन्जस्याता कायम गर्न मार्ग प्रशस्त हुन्छ। हामी कहाँ छौँ र कहाँ जानुपर्ने हो भन्ने कुराको निर्धारण अनुगमन र मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ । कार्यन्वयनका सरोकारवालाहरु बिच समन्वय र जटिल अवस्थामा सहजीकरण आवश्यकता पर्दछ । योजना निर्माण पश्चात कार्यन्वयन चरणमा प्रवेश गर्छ। योजनाको प्रभावकारी कार्यन्वयन गर्न सम्बद्ध सबै संयन्त्रहरुको उचित सहयोग र सहकार्यको आवश्यकता पर्दछ। योजना कार्यन्वयनमा कतिपय कार्यक्रमहरु सहजै लागू गर्न सकिने प्रकृतिका हुन्छन् भने कतिपय कार्यक्रमहरु विभिन्न समस्याका बाबजुद कार्यन्वयजान लैजानुपर्ने खालका हुन्छन् । योजनाको कार्यन्वयन गर्दा देखा परेका समस्या, चुनौति र अवसरहरुको उचित निकास निकाल्न सम्बद्ध विज्ञ पक्ष आवश्यकताअनुसार समन्वय र सहजीकरण गर्नु सान्दर्भिक हुन्छ। मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहका सरकार अस्तित्वमाछन् । तीनवटै तहका सरकारको मुख्य चासोको विषय शैक्षिक सुधारमा केन्द्रितछ र रहनु पर्दछ । स्थानीय तहको अधिकार क्षेत्रमा आधारभूत र माध्यामिक शिक्षाको व्यवस्था गरिएको छ। यसै अन्तरगत औपचारिक शिक्षा, विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा लगायतका शैक्षिक अधिकार समावेश गरिएकाछन् । यी सबै अधिकारको पूर्णताका लागि गाउँपालिका आत्मनिर्भर भई नसकेको अवस्थामा यस्तो महत्वपूर्ण शिक्षा क्षेत्र योजना कार्यन्वयनमा प्रदेश र सङघीय सरकारको समन्वय र सहजीकरण आवश्यक हुनसक्छ।

## ८.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रका समग्र कार्यक्रमको कार्यन्वयन गर्ने गरी यो योजना कार्यन्वयनमा ल्याइने छ। मुलुक सङ्घीयतामा गएको र हरेक स्थानीय तह आफैमा अधिकार सम्पन्न बनेको सन्दर्भमा लुङ्ग्री गाउँपालिकाले यो पाँच वर्षे शिक्षा योजना तयार पारेको छ । यो योजनाको कार्यन्वयन देहाय बमोजिम गरिनेछ । यस गाउँपालिकामा शिक्षा ऐन तथा नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भैरहेकाछन् ।

यस गाउँपालिकाको गाउँ शिक्षा योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि तपसिल बमोजिमको संयत्रलाई परिचालन गरिनेछ ।

| क्र.स. | तह | संयन्त्र | प्रमुख जिम्मेवारी | प्रक्रिया तथा कार्य |
|---|---|---|---|---|
| १ | विद्यालय | वि.व्य.स. र शि.अ.सं. | प्र.अ./अध्यक्ष/संयोजक | सञ्चालन,व्यवस्थापन र रेखदेख |
| २ | समुदाय | आमअभिभावक | अभिभावक | अनुगमन, सहयोग र सहभागिता |
| ३ | वडा | वडा कार्यालय, वडा शिक्षा समिति | वडाध्यक्ष | बजेट व्यवस्था, समन्वय र अनुगमन |
| ४ | गाउँपालिका | गाउँसभा, गाउँ कार्यपालिका | अध्यक्ष, प्र.प्र.अधिकृत | नीति निर्माण, कार्यक्रम निर्माण,बजेट |
| | | गाउँ शिक्षा समिति | संयोजक/अध्यक्ष | विनियोजन, कार्यान्वयन, अनुगमन |
| | | शिक्षा युवा तथा खेलकुद शाखा | शाखा प्रमुख | मूल्याकंन, समन्वय र सहजीकरण |
| ५ | जिल्ला | शिक्षा विकास तथा समन्वय इकाइ | इकाइ प्रमुख | अनुगमन, मुल्याङ्कन , समन्वय र सहजीकरण |
| | | जिल्ला शिक्षा समिति | संयोजक/अध्यक्ष | सहजीकरण तथा निर्देशन |
| | | सामाजिक विकास कार्यालय | कार्यालय प्रमुख | अनुगमन, मूल्याङ्कन र समन्वय |
| ६ | प्रदेश | सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री/सचिव | योजना, नीति तथा कार्यक्रम निर्माण |
| | | शिक्षा विकास निर्देशनालय | निर्देशक | अनुगमन,मूल्याङ्कन र सहजीकरण |
| ७ | केन्द्र | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | माननीय मन्त्री | नीति नियम र मापदण्ड निर्माण |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | महानिर्देशक | कार्यान्वयन, अनुगमन, मूल्याङ्कन |
| ८ | अन्य | नागरिक समाज, साझेदार निकाय | सरोकारवालाहरु | अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण |

## ८.३ उद्देश्य र रणनीति

**उद्देश्यहरु**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**रणनीतिहरु**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने,
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
६.शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह, सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।

## ८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**नतिजा**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुनेछ।
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुनेछ।
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन गरिनेछ।

## ८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा योजनाको प्रभावकारी प्रतिफल प्राप्तिका लागि अनुगमन पद्धति र संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने | निरन्तर | हरेक वर्ष नियमित | हरेक वर्ष नियमित | हरेक वर्ष नियमित | हरेक वर्ष नियमित | हरेक वर्ष नियमित | हरेक वर्ष नियमित | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | वस्तुगत तथा उपलब्धिमूलक अनुगमन एवं मूल्याङ्कन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालय तथा शैक्षिक संस्था र कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | पटक | २ | २ | २ | २ | २ | २ | |
| ६ | शैक्षिक कार्यक्रमहरुको अर्धवार्षिक तथा वार्षिक समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने | पटक | २ | २ | २ | २ | २ | ८ | |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी, प्रस्तुती तथा सम्प्रेषण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | क्रमश: कक्षा ३,५,८ र १० को विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण गरी थप सुधारका योजना बनाई कार्यान्वयन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | शिक्षा योजनाको कार्यान्वयन, अनुगमन,मूल्याङ्कन गर्ने मानव संसाधनको क्षमता विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | निरन्तर | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | सबै विद्यालयमा | |
| १२ | विद्यालयको लेखा परीक्षण चुस्त दुरुस्त र पारदर्शी बनाउनका समयमै लागि लेखापरीक्षण गरी सार्वजनिक सुनुवाई गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | हरेक शैक्षिक क्रियाकलापहरुको प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण गर्ने पद्धतिको विकास गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | |
| १४ | स्थानीय तहद्धारा विद्यालयको कक्षा अवलोकन तथा अनुगमन गरी थप सुधारका लागि पृष्ठपोषण र आवश्यक सहयोग प्रदान गर्ने | निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | |
| १५ | गाउँ शिक्षा योजना समयसापेक्षताको आधारमा अध्यावधिक तथा परिमार्जन गर्ने | निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | हरेक वर्ष निरन्तर | |

**सन्दर्भ सामग्रीहरू**

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८ (परिमार्जन सहित)
४. शिक्षा नियमावली २०५९ (परिमार्जन सहित)
५. समावेशी आयोग नीति, २०७४
६. राष्ट्रिय शिक्षा नीति, २०७६
७. समावेशी शिक्षा नीति, २०७३
८. राष्ट्रिय गाउँ शिक्षा योजना प्रारूप, २०७६
९. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
१०. दशवर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७)
११. बैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७
१२. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन, २०७५
१३. १६ औ आवधिक योजना आ.व. (२०८१/०८२- २०८५/०८६ )
१४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५
१५. दिगो विकासको लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र (२०१६-२०३०)
१६. राष्ट्रिय जनगणना, २०७८
१७. IEMIS Report २०८०/०८१
१८. लुङ्ग्री गाउँपालिकाको आवधिक योजना (२०७८/०७९-२०८२/०८३)
१९. लुङ्ग्री गाउँपालिकाको २०८०/०८१ को बजेट वक्तव्य
२०. विद्यालय सुधार योजनाहरु ( SIP)
२१. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (पहिलो संस्करण २०८१)